नेपालको इतिहासमा पहिलो र एकमात्र ज्योतिष समाचारमूलक साप्ताहिक पत्रिका "ज्योतिष भविष्यवाणी" खोजी-खोजी पढौं।

पत्रिका पाइने ठाउँ
ज्योतिष भविष्यवाणी
(साप्ताहिक)
पोखरा-२, अर्चलबोटचोक, नेपाल।
मोवाइल नं.९८५६०२०९१४

Jyotish Bhabishyawani Weekly ज्योतिष विधामा आधारित राष्ट्रियस्तरको एकमात्र अखबार

राष्ट्रिय साप्ताहिक जि.प्र.मोरङ/कास्की द.नं.:११५/२०५५

# ज्योतिष भविष्यवाणी

वर्ष १७ अङ्क २३ २०७१ आश्विन २ गते, बिहीबार 2014 /September/18 मूल्य रू.१० ।-

तपाई विश्वको जुनसुकै देशमा भएपनि नेपाल अधिराज्यको इतिहासमा पहिलो र एकमात्र अनलाइन ज्योतिष समाचारपत्र
www.jbweekly.com
लगअन गरी पढ्नुहोस्।
संस्थापक/प्रधान सम्पादक/प्रकाशक
वरिष्ठ ज्योतिष भविष्यवक्ता
डा.बलराम उपाध्याय रेग्मी
ज्योतिष भविष्यवाणी (साप्ताहिक) नेपाल।
मोवाइल नं.९८५६०३०९१४

## पर्वतका ब्राम्हणहरू आन्दोलित, सडकमै पूजा !

✍ज्योतिष भविष्यवाणी

**पर्वत** : ब्राह्मण समाज पर्वतको आयोजनामा पर्वतमा शङ्खध्वनि सहित सडक पूजा गरिएको छ। ब्राह्मण समाजले जारी गरेका मागप्रति सरकारले सुनुवाइ नगरेको भन्दै नेतामा सद्बुद्धिको कामनासहित सडक पूजा गरिएको हो। समाजले शनिबार कुश्मा बजार स्थित लोकतन्त्र चोकमा विश्वशान्तिको कामना सहित गुप्तेश्वर वेदवेदाङ संस्कृत पाठशालाका विद्यार्थीको उपस्थितिमा स्वस्ति वाचन गरी पूजा गरेको थियो।

सडक पूजामा ब्राह्मण समाजमा आबद्ध विभिन्न पदाधिकारी तथा स्थानीयवासीको बाक्लो उपस्थिति रहेको थियो। ब्राह्मणलाई जातीय आन्दोलनमा लाग्न जातीय स्वभावले नदिने भएकाले दबाबमूलक कार्यक्रमका रूपमा विधिसम्मत नै कार्यक्रम सञ्चालन गरिंदै आएको ब्राह्मण समाज नेपालका केन्द्रीय प्रतिनिधि लोकनाथ आचार्यले ज्योतिष भविष्यवाणीलाई जानकारी दिनुभयो। मौखिक र लिखित रूपमा दबाब दिंदा सुनुवाइ नगरेका कारण सबै नेपालीको समान अधिकार प्राप्तिका लागि विभेदकारी नीति नबनोस् र जातीय आधारमा कुनै पनि सेवा प्रवाह नगरियोस् भन्ने माग राख्दै आफूहरू आन्दोलनरत रहेको उहाँले बताउनुभयो।

समाजका केन्द्रीय सदस्य युवनाथ रेग्मीले विशेषतः हिन्दुराष्ट्र कायम गराउनुपर्ने र वृद्धभत्तामा जातीय विभेद गर्न नहुने बताउनुभयो।

यसैगरी धार्मिक कर्मकाण्डका लागि म्याग्दी जिल्लामा पुरोहितहरूको अभाव हुन थालेको छ। पुरोहितको अभावमा जन्म, चूडाकर्म, विवाह र मृत्यु संस्कारसमेत प्रभावित हुन थालेपछि स्थानीय चिन्तित हुन थालेका छन्। संस्कृत शिक्षा पढेर रोजगारी नपाइने र आधुनिक समाजसंग मेल नखाने सोचाइका साथ ब्राह्मणहरूले पनि संस्कृत पढ्न छोडेपछि जिल्लामा धार्मिक कार्य र अनुष्ठानका लागि (पुरेत) ब्राह्मणहरूको अभाव हुन थालेको स्थानीयवासीले बताएका छन्। वेद, उपनिषत्, पुराण, रुद्री लगायतका ग्रन्थलाई आधार मानेर गरिने कर्मकाण्ड जन्मेदेखि मृत्यु पर्यन्त आवश्यक भएपनि पुरोहितको अभावमा समस्या उत्पन्न हुन थालेको बेनी नगरपालिका-८ का तिलक रिजालले बताउनुभयो। 'हिजोआज संस्कृत पढ्ने चलन नै हराउन थालिसक्यो' रिजालले भन्नुभयो 'संस्कृतको ज्ञान नभएका व्यक्तिहरूले कर्मकाण्ड गराउन नसक्ने हुँदा न्वारान, विवाह र मृत्युसंस्कार जस्ता नगरी नहुने कर्महरू गर्न पनि समस्या हुन थालेको छ।' कर्मकाण्ड गर्ने बूढापाका ब्राह्मणहरूको शेषपछि पुरोहितहरूको अभाव शुरु हुन थालेको हो। अहिले म्याग्दीमा पुराणवाचन गर्ने पण्डितको सङ्ख्या दुई तीनभन्दा बढी नरहेको र कर्मकाण्ड गर्ने पनि घट्दै गएको ब्राह्मण समाज म्याग्दीले जनाएको छ। यसैबीच राष्ट्रिय धर्मसभा नेपालले केही दिनअघि




आयोजना गरेको द्वितीय पण्डित सम्मेलनले गरेको विस्तृत निर्णय प्राप्त भएको छ। सो निर्णय हिन्दू सनातन पद्धतिअनुसार वर्तमानमा प्रचलित, परम्परा र शास्त्रसम्मत आशौच अवधि छोटचाउन नमिल्ने र यसलाई यथावत् कायम राख्नुपर्ने माग गरेको छ। धर्मसभा नेपालद्वारा यसै साता आयोजित द्वितीय राष्ट्रिय पण्डित सम्मेलनले ज्योतिषशास्त्रले अनुमोदन नगरेको समयमा धार्मिक कृत्य गर्नेलाई निरुत्साहन गर्ने तथा हाम्रो धर्म, संस्कार, सनातन संस्कृति र परम्परा विरोधी व्यक्ति एवम् वर्गमा कर्मकार्य नगराउने र आर्थिक प्रलोभनमा त्यस्ता ठाउँमा कर्मकाण्ड गराउनेलाई सामाजिक बहिस्कार गर्ने जनाएको छ।

राष्ट्रप्रति इमान्दार एवम् कर्तव्यपरायण नागरिक तयार गर्न विद्यालय तहमा १०० पूर्णाङ्कको संस्कृत र नैतिक तथा राष्ट्रको इतिहास शिक्षा अपरिहार्य गराउन सरकारसंग माग गरेको छ। राष्ट्रका विविध भागमा अवस्थित मठमन्दिरमा धार्मिक पद्धति र परम्पराअनुसार हुँदैआएका पूजा-अर्चना, जात्रा मेला पर्वलाई निर्वाधरूपमा सञ्चालन गर्न सरकारसंग पहल गर्न निर्णय सम्मेलनले गरेको सम्मेलन संयोजक भरत शर्माले जानकारी दिनुभयो।

जिल्ला-जिल्ला एवम् गाउँ-गाउँमा रहेका पण्डित-पुरोहितलाई प्रेरित गरी धर्मसभामार्फत असल संस्कृति एवम् गोवंश रक्षा गर्ने भावना जागृत गराउन प्रोत्साहन गर्ने, महिला हिंसाजस्ता विकृति रोक्न प्रयत्न गर्न तथा समस्त ॐकार परिवार सम्बद्ध धार्मिक सङ्घसंस्थासंग समन्वय गरी स्वधर्म र संस्कृतिको संरक्षणमा एकीकृत धार्मिक शक्ति केन्द्रको निर्माण गर्ने सम्मेलनको घोषणापत्रमा उल्लेख छ।

पण्डित महासम्मेलनले वि.सं. २०६९ चैत २३ र २४ गते काठमाडौंमा पारित गरेका २७ बुँदे आचारसंहिता अनुमोदन गरेको छ। पण्डित-पुरोहितले शिखा (टुप्पी) राख्ने र निधारमा टीका लगाउने, तागाधारीले अनिवार्य रूपमा जनै लगाएको हुनुपर्ने, आफ्नो परम्पराबमोजिमका धार्मिक वेशभूषामा रहेर धार्मिक कृत्य गराउनुपर्ने, धार्मिक कृत्य गर्दा यजमानले पनि चोखो धार्मिक वेशभूषा धारण गर्नुपर्ने निर्णय गरेको छ।

यस्तै, अर्थ सङ्कलन गर्ने उद्देश्यले आयोजना गरिएका पुराण, सामूहिक व्रतबन्ध र यज्ञानुष्ठानलाई प्रोत्साहन गर्न नहुने, माता, पिता, गुरु र अनाथ-अशक्तको सम्मान गर्ने परिपाटीलाई टेवा दिने शिक्षा कथा-प्रवचनका माध्यमले दिनुपर्ने, अन्नप्राशन, जन्मोत्सव, विवाह व्रतबन्धजस्ता कार्य गर्दा धार्मिक पक्ष गौण बन्दै गएको र तडकभडक बढी देखिन थालेकाले धार्मिक संस्कारको महत्व बताएर देखासिकी कम गर्न प्रयत्नशील रहनुपर्ने सो आचारसंहितामा उल्लेख छ।

त्यस्तै आफ्ना कथा-प्रवचनमा ऐतिहासिक सांस्कृतिक महत्वका मठमन्दिर, तीर्थस्थल, पवित्र नदी, गो-संरक्षण, वृक्षारोपण सेवा आदिको महत्व बताउनुपर्ने र भ्रूणहत्या जस्तो अनैतिक कार्यको बारे जनतालाई सुसूचित गराउनुपर्नेमा पनि जोड दिइएको छ। शास्त्रीय मर्यादा विपरीत निषिद्ध समयमा आयोजना गरिएका पुराण, यज्ञानुष्ठान, व्रतबन्ध, विवाह आदिमा सम्मिलित हुन नहुने, चलचित्र छायाङ्कनजस्ता अभिनयमूलक कार्यमा मन्त्रको दुरूपयोग गर्ने वा धर्म संस्कृतिकै उपहास हुने गरी ब्राह्मण, पण्डित, पुरोहित लगायत मानवको हितविपरीत हुने गरी निर्माण वा आयोजना गरिएका कार्यमा मन्त्र पाठ वा अभिनय आदि गराउन नहुने, पण्डित-पुरोहित तथा धार्मिक क्षेत्रका आस्थावान्ले आफ्नो आयस्ताको केही अंश (कम्तिमा एक प्रतिशत) परोपकारी कार्यमा लगाउने बानी बसाल्नुपर्ने जनाइएको

बाँकी पृष्ठ ५ मा....

## चितवन जिल्लामा पनि क्रिश्चियनको बिग्बिगी

✍ज्योतिष भविष्यवाणी

**चितवन** : चितवन जिल्लाका हरेक डाँडा-डाँडामा चर्चहरु निर्माण हुन थालेका छन्। रोगीहरुलाई येशुका नाममा औषधि दिएर होस् या रोग निको बनाईदिने भन्दै प्रार्थना गर्न लगाएर होस् अनेकौं बहानामा बिपन्न समुदायको ठूलो संख्यालाई आफ्नो नियन्त्रणमा लिंदै पहाडी गा.वि.स.का हरेक डाँडा-डाँडामा ईसाइहरुले चर्च निर्माणलाई तीब्रता दिएका हुन्।

चितवनको भरतपुरमा वि.सं. २०३५ सालमा आएको इसाई मिसनरीहरुको एक समूहले आफनो सञ्जाल विस्तार गर्ने क्रममा जिल्लाभरिनै प्रभाव पारेको जनाकारहरु बताउँछन्। जानकारहरुका अनुसार वि.सं. २०३६ सालमा चितवनको टाँडीमा टाँडी चर्चको नाममा पहिलो चर्च स्थापना गरिएको थियो जसको नाम हाल बेब्रोन चर्च रहेको छ, जसको पहिलो अनुयाई सुमित्रा खड्का भएको बुझिएको छ। त्यसपछि भरतपुरमा वि.सं.२०३८ सालमा ३२ चर्चको नामबाट अर्को चर्च निमार्ण भएको पाईएको छ। स्थानीयलाई अनेकौं प्रलोभन दिएर आफ्नो सञ्जाल निकै चाँडो विस्तार गरिरहेको जानकारहरु बताउँछन्। गरिवका घर-घरमा पुग्दै बालबच्चा पढाइदिने, विदेश पठाइदिने, आर्थिक सहयोग गर्ने जस्ता प्रलोभन देखाएर नेपालीहरुलाई इसाई बन्न प्रेरित उनीहरुले गरिरहेका छन्। केहि सुकिला मुकिलाहरुलाई पैसाको खोलो बगाएर पादरी बनाएर उनीहरुलाई नै प्रयोग गरी धर्मको विस्तारमा इसाईहरु लागेको राप्रपा नेपालका जिल्ला अध्यक्ष बद्रिप्रसाद तिमिल्सिनाले बताउनुभयो।

नेपालका नेताहरु पश्चिमा मुलुकको हरियो डलरको प्रलोभनमा परेकाले यो समस्याले विकराल रुप लिएको उहाँको भनाई छ। इसाई धमावलम्बीहरु ज्ञान गुनका कुरा सिकाउने भन्दै हरेकको घर-घरमा बाईवल बोकेर धाईरहेका छन्। प्राय:गरि चितवनको समथर भेगमा भन्दा पनि पहाडी गाविसका विपन्न वस्तिहरुमा उनीहरुले निकै चाँडो आफ्नो सञ्जाल विस्तार गरेको सामाजिक कार्यकर्ताहरु बताउँछन्। हिन्दु धर्मलाई गालि गर्न निकै सिपालु उनीहरुले आफ्नो धर्मलाई रोग निको बनाउने औषधि, धनि बनाउने मन्त्र र सुखि र खुशि बनाउने साधन भन्दै यशुको प्रार्थना गर्न लगाउने गरेको आफ्ना नाम नखुलाउने शर्तमा चितवन सिद्धिका एक अगुवा चेपाङ्गले बताए। उनका अनुसार सहजै मान्न तयार हुनेलाई सम्झाउने र मान्न तयार नहुनेलाई आर्थिक प्रलोभनमा पारेर धर्म परिर्वतन गराईरहेका छन्। ईसाइहरुले नेपालको पहिचान, धर्म, संस्कृतिमाथि धर्मका नाममा षड्यन्त्रपूर्वक आक्रमण गरिरहेको तिमिल्सिनाले आरोप

बाँकी पृष्ठ ५ मा....

मानवले मानवलाई शोषण गर्ने, अन्याय अत्याचार गर्ने कार्य निन्दनीय कार्य भएको हुँदा नागरिक अधिकारप्रति सजग र सचेत बनौं र बनाऔं।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

### जन्मकुण्डलीको महत्व

ललाटपट्टे लिखिता विधाता षष्ठीदिने याऽक्षरमालिका च ।
तां जन्मपत्री प्रकटी विधत्ते दीपो यथा वस्तु घनान्धकारे ।।

जन्मदेखि छैटौंका दिन जातकको निधारमा भाग्यले जो लेखिदिन्छ, त्यसलाई प्रकट गर्ने काम जन्मकुण्डलीबाट हुन्छ,जस्तोकि अँध्यारोमा रहेको वस्तुलाई बलेको दियोले छर्लङ्ग देखाइदिन्छ ।

# सम्पादकीय

## श्रीवल्लभ उपाध्याय रेग्मीको विश्व ज्योतिष अभियानमा योगदान

'आमा आमा ! म सुवेदी थर मामा गणनाथ कहाँ जान्छु ।''जान्छौ भने जाउ !' आमा रोहिणी रेग्मीले आज्ञा दिएपछि श्रीवल्लभ उपाध्याय रेग्मी पर्वत जिल्लाको खुर्कोट-४ डिल भन्ने ठाउँदेखि करिब ५/६ किलोमिटर पश्चिममा पाङको सुवेदी थर मामाकहाँ जानुभयो उमेर १६ भित्रैमा । एकरात मामाकहाँ बसेर खुर्कोट ४ रेग्मीथोक भोलिपल्ट फर्किंदा आमा रोहिणी, भाइ कान्छा चिन्तामणि रेग्मी मुर्छा अवस्थामा उल्टी गर्ने र लगातार दिशा, पिसाब गर्दो अवस्थामा आगनमा छट्पटाएको भेटिए । छिमेकी हैजाले हो भनेर नजिक पर्न चाहेनन् भने आमा रोहिणी चिच्याउँदै, रुँदै भन्दै हुनुहुन्थ्यो-'माइला ! पंदालाको पानी कहिल्यै नखाएस्' सायद खरको पालिबाट गाग्रीमा संकलन गरेको पानीबाट अघिल्लो रात भात पकाएर खाएकाले आमा रोहिणी र भाइ कान्छा चिन्तामणि बेहोस् भएको हुनुपर्छ भन्नेसम्म जानकारी श्रीवल्लभ उपाध्याय रेग्मीलाई भयो तर स्वास्थ्य चौकी कतै नभएको बेला, एक्लै बोकेर उपचारमा लग्नु त कसकहाँ लग्नु, बिमार भारफुकको थिएन, केही लागेका भएपनि गाउँमा झारफुक गरिदिने कोही थिएनन्, भएका भएपनि तत्कालिन अवस्था जसको बल उसको शक्ति भन्ने युग हुँदा जसको घर छिमेकमा जो मऱ्यो छिमेकी खूब खुशि हुने अवस्था ! श्रीवल्लभ उपाध्यायले एकैसाथ प्राण छाडेका आमा रोहिणी र भाई चिन्तामणिलाई पालै-पालो एक्लै डोकामा बोकेर कालिगण्डकी पुऱ्याउनुभयो । हैजाले मरेको भनेर सर्छ भन्ने डरले छिमेकी मलामी पनि गएनन्, जलाउने काम पनि भयो भएन । त्यत्तिकै कालिगण्डकीको जलसम्म पुऱ्याएर अन्तिम बिदाई गरी किरिया बस्दा उमेर १६ नाघेको अवस्था थिएन । जेठा दाजु गिरिधारी उपाध्याय रेग्मी विदेश भारत गएका नफर्केपछि र पिताश्री विष्णुप्रसाद रेग्मीको अल्पकालमा पर्वत जिल्लाको खुर्कोटको टोहरे मान्छे छहरा भन्ने ठाउँबाट घाँस काट्न जाँदा लोटेर हो वा सँगै गएकाले घुच्याइदिएर हो मृत्यु भैसकेको थियो । न बा, न आमा, न भाई, न दाजु, न कुनै छिमेकीको सहयोग १३ दिने किरिया कर्म कसरी पूरा भए होला ? पक्कै पनि दुई/चार जना शुभेच्छुकको सहयोगले किरिया कर्म उम्केपछि धर्मपत्नी मनिकला उपाध्याय जसको उमेर ११/१२ वर्षको थियो । श्रीवल्लभको टुहुरो जीवन अगाडि बढ्दै जाँदा उमेर १८ पार गर्दै जाँदा जेठो छोरा ऋषिराम, माइला यदुनाथ, साइँला मेघराज, काइँला बलराम, ठूलो कान्छो केशव, जेठी छोरी हीरा, कान्छी छोरी सावित्रीको जन्म भयो । केही गर्भ खेर पनि गए । घरको आँफूमात्र एक्लो माइँलो छोरामात्र जीवित, आफ्ना छोरा-छोरी हुर्केका छैनन्, कतै कोदोको बीउ, मकैमा गोरु पसेर खाइदिए पनि सिधै लौरो लिएर छिमेकी पिट्न आउँथे, त्यतिले पुगेन एकजना छिमेकीले केही रकम माग्न आएछन् र २००१- रुपियाँ लगेर २१- रुपैयाँको तमसूक लेखिदिएछन् । क, ख, रा चिन्न पाएको आफू छैन । पछि पैसा माग्न जाँदा लानेले रु.२१- त हो नि तिमीसंग ल्याएको भनेर २१-को ठ्याक फ्याँकिदिएछन् । ती जाली फटाहाका सन्तान अझै जीवित छन् तर मुख्य ठग फटाहाको मृत्यु भैसकेको छ । यतिले पनि पुगेन भनेर छिमेकीले एकपछि अर्को मुद्दा हालेर दुःख दिए । अन्त्यमा बेकसूर ठहर गरी अदालतले जिताएपनि दुःख आजीवन पाउनुपऱ्यो । आफ्ना मुद्दा आफ्ना कठिनाई झेल्दै कठिन व्यक्तिले छिमेकी घनिष्ट मित्र होमलाल जैसीको मुद्दाको तारीख समेत बोकिदिनुभयो फैसला नहुँदासम्म । छिमेकीको मुद्दा अन्त्यमा मिलापत्रमा टुङ्गियो । श्रीवल्लभले वेथैंको तारीख बोकि आफूले दुःख पाउनुसम्म पाउनुभयो । मुद्दाको प्रत्येक तारिख बोकेर प्रतिनिधित्व गरेर घर पुग्दाका बेलुकी अब बाँच्नु हुन्न कि जस्तो गरी बेहोस् पर्नुहुन्थ्यो,जब्बर ठूलो शत्रु धम्कीको व्यथाले । पर्वत खुर्कोट-३ डिलका ठूलो सालका रुखबाट लडेर महिनौं बिरामी परेपछि दमको रोग देखिएको थियो । उमेरले करिब ४० कटेपछि दमको रोगले च्यापेको वि.सं.२०३७ आषाढ १३ गतेका दिन छाडेको हो कि जस्तो गर्दाको दिन बेलुकी ७:१५ बजेको समयमा उमेरले ५५ वर्ष ७ महिना १५ दिनका दिन श्रीवल्लभ उपाध्याय रेग्मीले यो मर्त्यलोक छाड्नुभयो । उहाँले यो लोक छाड्नुभएको ३४ वर्ष ४ महिना पार भै ३५ वर्ष लागेका छन् भने उहाँको ९१औं जन्मजयन्ति तथा ३५औं स्मृति दिवसको रुपमा हामी यहि आश्विन १ गते बुधबारका दिन समस्त परिवार मनिकला रेग्मी (धर्मपत्नी) छोरा ऋषिराम-विष्णुमाया, प्रकाश,छोरी देवी लगायत सपरिवारबाट माइला यदुनाथ उपाध्याय-बुहारी गुमा, साइँला छोरा मेघराज-बुहारी भुला, काइँला डा.बलराम-बुहारी सुनिता, ठूलो कान्छो छोरा केशवप्रसाद-बुहारी निर्मला/लालकुमारी, कान्छो विनोद-बुहारी निर्मलाका समस्त छोराछोरी समेत समस्त श्रीवल्लभ उपाध्याय रेग्मी परिवार आफ्ना श्रद्धेय पुज्य स्व. पिता श्रीवल्लभ उपाध्याय रेग्मीप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । उहाँका जेठा छोरा ऋषिराम, माइला यदुनाथ, साइँला स्व.मेघराज पछि जन्मिएका काइँला डा. बलराम उपाध्याय रेग्मी ज्योतिष शिक्षा, ज्योतिष पत्रकारिता जुन तीव्र गतिमा विश्वव्यापीकरणको अभियानमा छन् त्यो श्रेय स्व.श्रीवल्लभ उपाध्याय रेग्मीलाई जान्छ । यदि श्रीवल्लभ उपाध्याय रेग्मी बालसुलभ, एकोहोरो भई अड्डी कसेर मामाकहाँ नगई दिएको भए त्यो दिन घरमा बसेर ३ जनाले एकसाथ भातमात्र खाएको भए न आमा रोहिणी, न माइला छोरा श्रीवल्लभ, न कान्छो छोरा चिन्तामणि रहने थिए । एकमात्र जीवित माइला श्रीवल्लभकी धर्मपत्नी मनिकला पनि त्यस बेलामा माइती पर्वतको दुर्लुङमा नगएको भए उहाँपनि जीवित नरहने । श्रीवल्लभ उपाध्याय रेग्मी एकरात मामाकहाँ गएर बाँचेका, उहाँकी धर्मपत्नी मनिकला रेग्मी जो अझै जीवित हुनुहुन्छ । उमेरको ८४ गरी उहाँ पनि यति सानी ११/१२ की केटीले के भाँडा, चुल्हो गर्न सक्छु र भनेर घरकालाई घुर्काएर माइतीमा नबसेको भए आज हामी माथि उल्लेखित कुनैपनि सन्तानले विश्व ज्योतिष जागरणको महान कार्य कुरै छाडौं यो संसारको मुख पनि देख्ने थिएनौं । तपाई समस्त रेडियो अन्नपूर्ण ९३.४ का श्रोता, सुनौलो एफ.एम. १०२.२ का समस्त श्रोता, जेवीविक्ली डटकमका विश्वभरिका पाठक हाम्रो यो जन्ममा कुनै प्रकारको नातो हुन नसक्ने अवस्थामा जन्मेका हामी समस्त रेग्मी परिवार तपाईंहरु सबैप्रति हार्दिक आभार प्रकट गर्दछौं । तपाईंहरुको संगत सेवा दिन लेखेर नल्याएको भए तपाईंहरुलाई हामीले सेवा दिन पूर्व जन्मदेखि न लेखेको भए, तपाईंहरु सम्पूर्णको भाग्यले हामी यो दुनियाँमा जन्म लिन पायौं, तपाईंहरु सबैको सेवा दिन पायौं, पाइरहेका छौं र पाइरहनेछौं । यसका लागि हाम्रा परम पुजनीय पिताश्री स्व.श्रीवल्लभप्रति तपाई हामी सबैको हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं । पितृ सबैका हुन्छन्, देवी देवताले जति फलिफाप गराए पनि पितृ रिसाएमा भाग्य हरिदिन्छन् भन्ने शास्त्रप्रमाण झूटो होइन । त्यसकारण तपाई समस्त सनातन हिन्दू धर्ममा जन्मेका सबैले आ-आफ्ना स्व.पिता, मातापति हार्दिक श्रद्धाञ्जली स्वरुप यो पितृ पक्ष भदौ २५ देखि असोज ८ गतेभित्र अवश्य श्रद्धा तर्पण, दान गर्नुहोला । कसैले जुठो, आशौचको कारण तोकेको तिथिमा श्राद्ध गर्न समर्थ नभएमा आश्विन ८ गते अमावश्यका दिन आ-आफ्ना पिता माताको श्राद्ध कर्म गर्नुहोला । 'धर्मेण हिना पशुभि समाना' अर्थात धर्म, धार्मिक विधि, विधान नमान्ने व्यक्तिलाई शास्त्रले मनुष्यको रुपमा जिउँदो पशु भनेको छ । त्यसकारण जुनसुकै जात जातिले धर्म न छोडौं । जय धर्म !, जय पितृदेव !, जय मातृ देव ! जय आचार्य देव !

# महजात्रा २०७१ हेरेपछि...



अधिवक्ता केशवप्रसाद पराजुली

वि.सं.२०७१ श्रावण १७ गते शनिबार जेठो छोरा विशेक मसंग महजात्रा हेर्न जानका लागि तयार भयो । बेलुकीको ५ बजे हामी पोखराको साविक दीपेन्द्र सभागृह गेटमा पुग्यौं । लायन्स क्लब अफ अन्नपूर्णाका अध्यक्ष श्री यदुनाथ अधिकारीज्यूसंग बुद्ध बाल घुम्ती पुस्तकालयका माध्यमले राम्रै घुलमिल छ भन्ने ठान्दछु । उहाँ त्यस पुस्तकालयको मातृसंस्था हिमालयन बुद्ध फाउण्डेशनको सचिव हुनुहुन्छ । एक सफल व्यवसायी तथा उदार हृदयका समाजसेवीको रुपमा चिनेको यदुसरलाई रु.५०० दरका दुईवटा टिकट मलाई पनि राखिदिन भनेको थिएँ । कार्यव्यस्तताका बीच पनि उहाँले सहयोग गरिदिनुभयो । हामी पुग्दा गेटमै हुनुहुन्थ्यो, खुशी लाग्यो ।

घडिले ५:३० हान्दासम्म त हल पुरै खचाखच भैसकेको थियो । पोखरा उपमहानगरपालिकाको असक्षम र अनुत्तरदायी प्रशासनले घिसार्दै ल्याएको हलमा के गतिलो बाँकी छ र ? तत्कालिन पञ्चायती सरकारले चिनियाँ सरकारसंग हारगुहार गरेर यत्तिको हल बनाइदिएको थियो । अहिले यति बनाउनु परे के जात्रा हुँदो हो ? हलमा बिग्रे भत्केका कुराको चर्चा गरिसाध्यै छैन । अझ लायन्स तथा रोटरी जस्ता सामाजिक संस्थाहरुले नहेरिदिने भए त यसको हालत हेर्न लायक रहन्नँ भन्ने तीतो सत्य हो । तर दुर्भाग्य यस्तै सामाजिक अभियन्ताहरुलाई नगरपालिका प्रशासनले छिड्के लगाइरहन मनपराउँछ !

ठीक समयमा कार्यक्रम शुरु भयो मह प्रार्थनाबाट । प्राकृतिक, सांस्कृतिक, ऐतिहासिक अनेक कोणबाट उत्कृष्ट देशमा एउटा गतिलो नेता दिएर नपठाएकोमा महले भगवानसंग गुनासो पोख्दा दर्शकहरु मन्त्रमुग्ध भए । भजनको शैलीमा कलात्मक कलरले व्यङ्ग्यको वाण हानिरहेका महजोडीलाई मैले यसरी कार्यक्रममा प्रत्यक्ष देख्न पाएको यो जीवन कै पहिलो अवसर हो । आँखा नभिम्काइकन हेरिरहँदा अति खादिलोसंग राष्ट्रप्रेमको रस घोलेका शब्दपुष्पहरुले ईश्वरको अर्चना गरिरहेका यी लोकप्रिय कलाकारहरुले स्नायुप्रणाली अन्तर्गतका नसा-नसामा तरङ्ग आउँदै गयो । गैंडाको जस्तो छाला भएका नेता भए कुरा बेग्लै हो, नत्र त यी तीखा वचनहरुले छुद्र राजनीतिका हिमायतीहरु त ठहरै हुनुपर्ने ? देश बन्धकी राखेर श्रीमतीलाई फरिया किन्न पल्केकाहरु कानमा चुइगम हालेर बसेहोलान् ? लगत्तै अर्को ख्यातिप्राप्त कलाकारहरु किरण के.सी., राजाराम र शिवहरिको 'बोर्डर चेकपोष्ट' प्रदर्शन भयो । नेपाल र भारतको सीमानामा भारतीय प्रहरीले नेपाली प्रहरीलाई कतिसम्म हेप्छन् भनेर देखाउन गतिलै प्रयास गरिएको छ । जहिलेसम्म राज्य चलाउने ठेकेदारहरुमा राष्ट्रियता, इमान्दारिता, नैतिकता, स्वाभिमानी आदि गुणहरुको खडेरी परिरहन्छ हामी छिमेकी बाट हेपिइरहन्छौं । राजनीति नसुध्रिएसम्म जनताको सुखका दिन आउने असम्भव प्रायः छ । त्यसैले त, कोही भारत परस्त, कोही चीन परस्त भएका नेताहरुलाई खर्पनमा बोकेर सीमा कटाउनु पर्ने आवाज आउँछ- पूरै कवाडीको भाउमा !

सफल नायक दिलीप रायमाझीले हरिवंशको 'म त खोक्रो सारंगी' तथा मदनकृष्णको 'गएन जवानी' भन्ने गीतहरुमा बेजोड नृत्य गरेर सबैको मनमा रजाई गरे । मदनपुत्रको 'मुख र कान भेट भो की' भन्ने गीत पनि कम्ता स्तरीय थिएन । सिनेमा हेरेजस्तो लाग्ने गरी फटाफट चलेको कार्यक्रमका मदनकृष्ण र हरिवंश अभिनित 'शब्दान्ताक्षरी' र 'मदनको फोटो स्टुडियो' प्रहसनहरु समग्र प्रस्तुतिको केन्द्रमा रहे । हरिवंश पुत्र तथा वरिष्ठ अभिनेत्री बसुन्धरा भुसालको साथ रहेको पहिलो नाटकमा जातीय भेदभावका विरुद्ध गतिलो सन्देश प्रेषित गरिएको थियो भने दोश्रो देशमा मौलाउँदै गइरहेको दादागिरीको संस्कृतिमाथि केन्द्रित थियो ।

करिब तीन घण्टामा कार्यक्रम सकिंदा पनि दर्शकहरुलाई बाहिर जाने हतारो थिएन । आफ्नो मनमा अड्डा जमाएका श्रद्धेय महजोडीको आडमा उभिएर फोटो



खिचाएर भएपनि चित्त बुझाउने लोभमा उनीहरु तछाड-मछाड गर्दै थिए । तालि बजाउँदा-बजाउँदा लाटै भइसकेका हात, हाँस्दा-हाँस्दा च्यात्तिइसकेको मुख अनि छियाछिया भएजस्तो मन लिएर बाहिर आउँदा साउन, भदौको पोखरामा सिमसिमे पानीले झेमानी नगरी किन छाड्थ्यो र ?

बर्षौंदेखि नेपाली कला र संस्कृतिको अनवरत सेवा गर्दै नेपालीको सुख, दुःखका साझा साथी भैसकेका मदनहरिले कर मार्फत् पनि राज्यको ढुकुटीमा प्रशस्तै योगदान गरिसकेका छन् । देश र देशवासीको सेवामा अहोरात्र खटिने यी महान् सेवकहरुको जीवन छँदै उचित सम्मान गर्न राज्य पक्षको कहिले चेत पलाउने होला ? यी स्रष्टा अब व्यक्तिगत रहेनन् । यी त राष्ट्रिय गौरवका प्रतिक भैसकेका छन् । छिमेकी भारत कै उदाहरण लिने हो भने पनि त्यहाँ चलेका कलाकारहरु लाई राज्यले मन्त्रीसरहको सुविधा उपलब्ध गराउँछ । विचरा !, कम्तिमा पनि आफ्नो स्वास्थ्यको चिन्ता लिनु नपरे यी सृजनशील हस्तीहरुप्रति कति न्याय हुँदो हो ? सर्वसाधारणले राजनीतिक नेता भन्दा यस्तै कलाकारहरुको इज्जत प्रतिष्ठा बढेको बरु रुचाउन थालेका छन् ।

मदनकृष्ण श्रेष्ठको पार्किन्सन रोगसंगको संघर्ष र हरिवंश आचार्यको पत्नी वियोगको दुःखद् समाचारले धेरैको मन कटक्क दुखेको छ । यिनीहरुले नै देश विदेशमा पुगेर अरु नेपालीको पिरमर्का, हाँसो अनि रोदनमा साथ दिंदै आइरहेका छन् । चाहे जनआन्दोलनताका होस्, चाहे कुनै दैवी विपत्तीमा अथवा कुनै शिक्षा, स्वास्थ्य, कृषि लगायतको विषयमा जनचेतनाको प्रभावकारी तरङ्ग पैदा गर्न होस् । टेलिभिजनको पर्दामामात्र हैन प्रत्यक्ष कार्यक्रममा समेत दिलखोलेर उहाँहरुलाई स्वागत गर्न, साथ दिन जनता तम्तयार भएर बसेका छन् । 'मान्छेले बुद्धि आएपछि नराम्रो काम गर्दैन, गर्नु पनि हुँदैन ।' भन्ने मदनलाई कला जगतमा भेट्न सक्ने दोस्रो व्यक्ति संसारमै कोही छैन होला । कुनै पनि राजनीतिक दलसंग नजोडिएका, स्वच्छ छवि र सामाजिक सत्कार्यमा समर्पित भनेर सुपरिचित महजोडीका ओहो, चिरञ्जीवि, लालपुर्जा, आमा आदि गरी सयौंको संख्यामा कीर्तिहरु नेपाली समाजमा भिजेका छन् ।

हरिवंश बुबा मोहञ्जय र आमा गणेश कुमारीका कोखमा वि.सं. २०१४ कार्तिक २७ गतेका दिन जन्मेका रहेछन् । २०४० सालमा मीरासंग लगनगांठो कसेपछि उनीहरुका त्रिलोक र मोहित गरी दुई छोरा भए । मीरा २०६८ मा स्वर्गीय भएको करिब एकवर्ष

बाँकी ४ पृष्ठमा...

# मेरो पी.एच.डी. शोधमा शीर्षक चयनको औचित्य

✎भगवानप्रसाद पौडेल

**पोखरा** : वेदमा उल्लेखित विभिन्न शिक्षाहरुमध्ये ज्योतिष पनि एक मानिन्छ । किनकि यो पनि एक विज्ञान हो । यसलाई वृहत् महासागर मानिन्छ, जहाँ चारलाख ३२ हजार श्लोक छन् । वर्तमानमा हरेक क्षेत्र विकृतिमय बनेका छन् । पैसा भएमा जे पनि हुने, रुपैयाँले सबै कुरा किन्न नसकिएला तर सन्तुष्टि र क्षमता कहिल्यै किन्न सकिन्न । यही कुरालाई मनन गरी मैले आफ्नो अध्ययनलाई अगाडि बढाउने निश्चय गरें त्यो पनि डा. बलराम उपाध्याय रेग्मीको सान्निध्यता र त्यो माथि पनि उहाँकै बारेमा 'वरिष्ठ ज्योतिष पत्रकार व्यक्तित्व एवं कृतित्व अध्ययन ।'

मानिसलाई लाग्न सक्छ औपचारिक अध्ययन गरेको मानिस किन फेरि ज्योतिषमा ? यो दुनियाँ धेरै हिंडेको बाटो भन्दा थोरै हिंडेको महत्वपूर्ण बाटो हिंडेमा पक्कै पनि भविष्य उज्ज्वल हुनेछ भन्ने मैले सोचें त्यसैले यो बाटो लागें । आज नेपाली आफ्नो संस्कृति रहन–सहन र भेषभूषालाई बिर्सेर पाश्चात्य शैलीतिर लाग्दा यताका न उताका भनौं हिजडा जस्तै भएका छौं, जो कतै पनि मिल्न सक्दैनौं । आज हामी देख्न सक्छौं विद्वान व्यक्तिहरुको खाँचो समाजमा परिरहेको छ । अनि यी सबै कुराहरुको मार्गदर्शक भनेका ज्योतिषी नै हुन् । हिजोका मानिसहरु हरेक कार्यहरुमा ज्योतिषीय परामर्शलाई महत्व दिन्थे त्यसैले उनीहरु कार्यमा सफल थिए । तर आज हामीहरु आफूमा भएको गन्ध नपाई दौडने कोइली जस्तै भौतारिरहेका छौं । घरमा बसि–बसी पी.एच.डी. अध्ययन गर्न पाइने भएपछि मैले पनि अध्ययन गर्ने निधो गरें ।अनि लाग्न सक्छ डा. बलराम उपाध्याय रेग्मी कै बारेमा किन ? उहाँ विभिन्न रेडियो, पत्रिका अन्य संघ-संस्थामा आवद्ध हुनुहुन्छ । संस्थापक/प्रधान सम्पादक ज्योतिष भविष्यवाणी (साप्ताहिक), रेडियो अन्नपूर्ण, रेडियो सफलता, धवलागिरि एफ.एम., सुनौलो एफ.एम. लगायतमा संलग्न, ज्योतिष क्षेत्रको ज्येष्ठ प्रथम पत्रकार हुनुहुन्छ डा. रेग्मी । यी कार्यक्रमहरुमा गाँसिएका कारण मैले उहाँको विषयमा अध्ययन गर्ने निधो गरें । यसरी मानिसलाई जन्मेदेखि मृत्यु पर्यन्त आवश्यक पर्ने एक सशक्त विधाको रुपमा ज्योतिषलाई मान्न सकिन्छ । यसलाई बाहिर ल्याउन पत्रकारहरुको खाँचो पर्छ, जसले यस दर्शनभित्र भएका महत्वपूर्ण कुराहरुलाई समाज समक्ष प्रस्फुटन गराउने काम गर्दछ । यिनै व्यक्तिहरुको बारेमा अध्ययनको जमर्को तथा सम्वद्ध व्यक्तित्वका ज्योतिष सम्बन्धी कृतिहरु बारेमा आम जनमानसमा ज्ञान दिने तथा स्वयं समेत योग्यता प्राप्त ज्योतिष पत्रकार हुने उद्देश्यले यो अध्ययन गर्ने जमर्को गरेको हुँ । साथमा अन्य पेशा व्यवसाय संग-संगै यसलाई हिंडाउन हुने सम्भावनालाई आत्मसाथ गरि अध्ययन अगाडि बढाएको छु । त्यसैगरी आज चाइनाले यत्रो उन्नति गर्‍यो आखिर कसरी त भन्दा शिक्षणलाई नै उत्पादनसंग जोड्यो । ज्योतिष पनि त्यस्तै विषय हो । किनकि यो विषय अध्ययन संग-संगै आम्दानी, पेशा जोड्न सकिन्छ । आज मानिसले जतिसुकै आधुनिक र सभ्य बन्न चाहेपनि ज्योतिष र ज्योतिषीविना अघि बढ्न सक्दैनन् । मानिस जन्मदा, विवाह, पेशा, उन्नति–प्रगति, व्यापार–व्यवसाय, मृत्यु सबैमा यसको अनिवार्य आवश्यकता छ ।

यसो हुनुको सबैभन्दा महत्वपूर्ण पक्ष भनेको यसभित्र रहेको वैज्ञानिक पक्ष नै हो । त्यसैले विज्ञानको पनि विज्ञान भनेर ज्योतिषलाई मान्न सकिन्छ । विज्ञानले यसको अध्ययन हाम्रै ज्योतिषीय मान्यतामा रहेर गरेको पाइन्छ । यसभित्र रहेका वैज्ञानिक पक्षहरुलाई खोतलेर बाहिर ल्याउनका लागि अध्ययन गर्नुपर्छ भन्ने मैले महसुस गरें । किनकि मानिसले विश्वास गर्ने सबैभन्दा ठूलो आधार पनि त्यहि हो । त्यसैले भन्ने गरिन्छ मानिस जति बढी विषयको ज्ञाता हुन्छ त्यति नै समाजमा उसको प्रतिष्ठा उच्च बन्दछ । हिजोको परिपाटी आज परिवर्तन भएको छ किनकि कोही बेला जाने हुन्थ्यो भने आज त्यसलाई प्रमाणित गरिएको भए मात्र सबैको मन जित्न सकिन्छ । अध्यास विनाको विद्या विष समान हुन्छ । अध्ययनशील मानिसले हरेक कुरामा ज्ञान हासिल गरेको हुन्छ र ति सबैको सामाञ्जस्यता ज्योतिष क्षेत्रमा पनि गर्नुपर्छ ।

'विद्वान प्रशस्यते लोके, विद्वान् सर्वत्र गौरवम्' यस भनाइबाट पनि बुझ्न सकिन्छ कि विद्वान व्यक्तिको महत्व कति छ भनेर । आज ज्योतिषमा आफ्ना बाबु बाजेका नाम जोडेर कमाई खाने भाँडो बनाउनु यस क्षेत्रको विकृति हो । त्यस्तै आफ्ना बाबु बाजे ज्योतिषी भए भन्दैमा छोरा, नाति तिनै नहुन पनि सक्छन् । यदि अध्ययन गरेमा भनिन्छ परदेशको मित्र विद्या हो । एकातिर यस क्षेत्रमा पेशा गर्नेहरु त धेरै हुनुहुन्छ तर अध्ययन निकै कम भएको पाइन्छ । त्यसैले यस क्षेत्रको अध्ययन गरि गुरुका बारेमा लेखेर रहेका महत्वपूर्ण कुराहरुलाई समाज समक्ष ल्याउने मेरो प्रमुख लक्ष्य हो । मेची–महाकाली ज्योतिष जागरण अभियान संचालनदेखि ज्योतिष, कानुनी परामर्श, पत्रिका प्रकाशन, साहित्य, रेडियो कार्यक्रम, राष्ट्रिय, अन्तर्राष्ट्रिय ज्योतिष सम्मेलन आदिमा सक्रिय गुरुलाई हेर्दा सजिलै बुझ्न सकिन्छ कि डा. रेग्मी व्यक्ति एक, प्रतिभा अनेक हुनुहुन्छ ।

यसरी नेपालको एक कुनामा जन्मिएर पनि विश्वसामु परिचित हुन सक्नु उहाँको अध्ययन र मिहिनेतको परिणाम हो । आजका मानिस धेरै बोल्ने र धेरै काम नगर्ने प्रवृत्तिका हुन्छन् तर गुरुको प्रवृत्ति चाहे राजदरबार, राजनीतिज्ञ, सरकार आदि विविध पक्षहरुको बारेमा सिधा जे देख्यो त्यहि बोल्ने बानी छ । साथै ज्योषिमा लिखित ग्यारेन्टी दिनु उहाँको थप विशेषता हो । त्यस्तै दिनभरि ज्योतिष परामर्शमा सक्रिय हुँदा-हुँदै पत्रिका प्रकाशन गर्न सक्नु उहाँको थप पहिचान हो । मैले यहि उहाँको 'ज्योतिष पत्रकार : व्यक्तित्व र कृतित्व' को बारेमा अध्ययन गर्नु नै मेरो मुख्य लक्ष्य हो । यसरी आफ्नै क्षेत्रको वरिष्ठ तथा विषय विज्ञता हासिल गरि समाजलाई पाठ सिकाउने र आफू ज्योतिष क्षेत्रमा स्थापित हुन मैले यो अध्ययन शुरु गरेको हुँ ।

# कालीगण्डकीमा सफाई अभियान

✎ज्योतिष भविष्यवाणी

**पर्वत** : धार्मिक पर्यटकीय हिसाबले महत्वपूर्ण मानिने कालीगण्डकी नदी प्रदूषित बन्दै गएकी छिन् । कालीगण्डकी नदी किनार र यसको जलाधार क्षेत्रका नदीमा सहरबजारको फोहर फाल्नाले यो नदी प्रदूषित बनेको हो । नदी प्रदूषित बन्दै गएपछि फोहर नफाल्न आग्रह गर्दै जिल्ला जिल्लामा अभियान सञ्चालन गरिएको छ । कुश्मा नगरपालिकाले नदीमा नै फोहर फाल्ने गरेका कारण पवित्र नदी प्रदूषित बनेकाले माथिल्लो तटीय क्षेत्रमा फोहर नफाल्न आग्रह गर्दै कृष्णागण्डकी क्षेत्र विकास समिति नवलपरासीले अभियान सञ्चालन गरेको हो । समितिले नदीको उपल्लो तटीय क्षेत्रमा पर्ने हरेक नगरपालिकामा पुगेर नदीमा फोहर नफाल्न र छुट्टै स्थानमा डम्पिङ साइट निर्माण गर्न अनुरोध गरेको छ । अभियानले पर्वत, बागलुङ, म्याग्दी, स्याङ्जा, गुल्मी, तनहुँ, कास्की, नवलपरासी र मुस्ताङ जिल्लामा पुगेर सबै नगरपालिकालाई अनुरोध गरेको समितिका अध्यक्ष कुलराज चालिसेले जानकारी दिनुभयो । "कालीगण्डकी नदीको भौगोलिक संरचना, जैविक विविधता र जनताको मौलिक संस्कृतिलाई यथास्थानमा संरक्षण गरी वैदिक जल संस्कृतिको स्थलगत सङ्ग्रहालयमा विकास गर्ने उद्देश्यसहित नदी बचाउ अभियान शुरु गरिएको हो"–अध्यक्ष चालिसेले भन्नुभयो–"यो अभियानलाई उपल्लो तटीय क्षेत्रबाट विसर्जन गरिएका फोहरले चुनौती दिएकाले यसलाई हटाउनुपर्छ ।" कालीगण्डकीको तटीय क्षेत्रमा फोहर विसर्जन, ढल विसर्जन र अव्यवस्थित रूपमा ढुङ्गागिट्टी बालुवाको उत्खनन रोक्न आवश्यक भएको अध्यक्ष चालिसेको भनाइ छ । विश्वमै दुर्लभ शालिग्राम, ढुङ्गागिट्टीका रूपमा प्रयोग भइरहेकाले त्यसको दुरुपयोग रोक्न आवश्यक भएको उहाँको भनाइ छ । अभियानका क्रममा कृष्णगण्डकी क्षेत्र विकास समितिले पर्वतको कुश्मा नगरपालिकाका कार्यकारी अधिकृत चण्डिकाप्रसाद पौडेललाई ज्ञापनपत्र बुझाएको छ । कुश्मा नगरपालिकाको फोहर काली गण्डकी र मोदीनदीमा नफाल्न आग्रह गर्दै ज्ञापनपत्र बुझाइएको हो । कार्यकारी अधिकृत पौडेलले यो अभियानलाई सहयोग गर्ने र व्यवस्थित ल्यान्डफिल्ड साइड बनाउने प्रतिबद्धता व्यक्त गर्नुभयो । नेपाल पत्रकार महासङ्घ पर्वतका अध्यक्ष दुर्गाप्रसाद शर्माले अभियान सकारात्मक भएको बताउँदै काली गण्डकीको मौलिकता र भौगोलिक विविधता संरक्षण गर्न यस्तो अभियान जारी राख्न आग्रह गर्नुभयो । कालीगण्डकी नदीको बहाव परिवर्तन गर्दा धार्मिक, सांस्कृतिक, सामाजिक, आर्थिक तथा पर्यावरणीय अग्राधिकार हनन हुने भएकाले यसलाई रोक्न आवश्यक भएको अध्यक्ष चालिसेको भनाइ छ


## सूचना ! सूचना !! सूचना !!!

प्रत्येक शनिबार बेलुकी ठीक ३:३० बजेदेखि ४:३० बजेबीच रेडियो अन्नपूर्ण ९३.४ मेगाहर्ज पोखराको प्रस्तुति कार्यक्रम 'साप्ताहिक ज्योतिष भविष्यवाणी' सुन्दै गर्नुहोला । www.radioannapurna.com.np बाट विश्वभरि नै सुन्न सकिनेछ । आफ्ना सुझाव सल्लाहका लागि मोबाइल नं. ९८५६०२०९१४

कार्यक्रम संचालक

वरिष्ठ ज्योतिष भविष्यवक्ता

**डा.बलराम उपाध्याय रेग्मी**

पो.व.नं.२०७, पोखरा, नेपाल


# ब्रम्हाकुमार भगवान भाइद्वारा पोखरामा प्रवचन

✎ज्योतिष भविष्यवाणी



**पोखरा** : ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालय मुख्यालय माउण्ट आबू राजस्थानदेखि पोखरा आउनुभएका राजयोगी ब्रह्माकुमार भगवान भाइले जीवनमा नैतिक शिक्षाको महत्व विषयक प्रवचन दिनुभएको छ । पोखरा सृजना उच्च मा.वि.मा प्रवचन दिँदै उहाँले दिन प्रतिदिन समाजमा बढ्दो हिंसा एवं अपराध एउटा चिन्तायुक्त विषय भएकाले नैतिक शिक्षाद्वारा नै अपराधमुक्त समाज निर्माण गर्न सकिने बताउनुभयो । करिब ५ हजार भन्दा बढी स्कूलमा नैतिक शिक्षाको पाठ पढाएर इण्डिया बुक अफ रेकर्डमा नाम लेखाउन सफल भएका भगवान भन्नुहुन्छ– 'कुसंगत, सिनेमा र व्यसनले गर्दा नै समाजमा अपराध बढ्दै गैरहेको छ, नैतिक शिक्षाले नै युवाहरुलाई सही दिशा प्रदान गर्न सक्दछ ।' उहाँले नैतिक शिक्षाद्वारा नै मानवीय मनमा रचनात्मक र सकारात्मक विचारको प्रवाह हुन सक्छ जसद्वारा उसलाई चेतनाको विकास गर्ने प्रेरणा प्राप्त हुनुको साथसाथै अनुकूल वातावरण सृजना हुन सक्ने स्पष्ट पार्नुभयो । शिक्षाको मूल उद्देश्यको बारेमा प्रकाश पार्दै भगवान भाइले चरित्रवान बन्नु, विकार, व्यसन, नशा र नकारात्मकतादेखि स्वयंलाई मुक्त गर्नु यो नै शिक्षाको मूल उद्देश्य हो, जसले अज्ञान अंधकारदेखि ज्योति वा प्रकाशतर्फ लिएर जान्छ असत्यबाट सत्यतर्फ लिएर जान्छ त्यो नै सच्चा ज्ञान हो । शिक्षा एउटा यस्तो बीउ हो जसद्वारा जीवन फलयुक्त वृक्ष बन्दछ भन्नुभयो । साथै उहाँले जबसम्म हाम्रो जीवनमा परोपकार, त्याग, सेवाभाव, उदारता, नम्रता र सहनशीलता आदि जस्ता सद्गुणहरु आउँदैनन् तबसम्म हाम्रो शिक्षा अधुरो रहन्छ । आजका बच्चा भोलिका भावी समाज हुन् यदि भोलिको समाजलाई अपराधमुक्त देख्न चाहन्छौं भने वर्तमान युवा पीढिलाई नैतिक शिक्षा दिन अति आवश्यक छ । सद्गुणहरुको शिक्षाको कमीको कारण समाजमा हिंसा बढ्दै गैरहेकोप्रति चिन्ता व्यक्त गर्नुभयो । हामी विकसित देशको श्रेणीमा शामिल हुन प्रयास गरिरहेका छौं, जसको लागि समाजमा फैलिएको हिंसा वा दुर्भावनाहरू चिन्ताको विषय हुन् भन्दै उहाँले विद्यार्थी जीवनको महत्वको विषयमा पनि चर्चा गर्नुभयो । त्यस अवसरमा सृजना उच्च मा.वि.का प्राचार्य डोलराज पाण्डे एवं शिक्षिका सीता पाण्डेले समेत विद्यार्थी जीवनमा अत्यन्त ठूलो महत्व राख्ने यस्तो नैतिक शिक्षा दिने ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालयको कार्य अति नै सह्रानीय भएको चर्चा गर्दै संस्थाप्रति आभार प्रकट गर्नुभयो । कार्यक्रम पश्चात् विद्यार्थी र शिक्षकगण दुवैले आ–आफ्नो अनुभव सुनाएको कार्यक्रमको संचालन ब्रह्माकुमारी रमाले गर्नुभएको थियो ।


## सूचना ! सूचना !! सूचना !!!

मानिसको जीवनमा शिक्षा बराबर कुनै सम्पत्ति छैन । प्रतिष्ठा दिने यसैले हो । आफ् उन्नति–प्रगति गर्ने यसैबाट हो । आफू आफ्ना सन्तान बाहेक अरुलाई पनि दिन सकिने सम्पत्ति पनि यही हो, जति दियो त्यति बढ्ने, बाँडेर नसकिने, जति लुकायो त्यति घट्ने विधा शिक्षा नै हो । एउटा पण्डित या एक विद्यार्थीलाई दिइने सहयोग दान एक गुणा हुन्छ तर आफूले गरेको दान सयौं होइन हजारौंमात्र पनि होइन, लाखौंलाई हजारौं वर्ष दिन सकिने दान अक्षयरुपमा रहिरहने विश्वविद्यालयलाई दिइने दान हो । विदेशी शिक्षा पढाएर आफ्ना प्रतिभाशाली छोराछोरी पनि विदेश भाग्ने र घरमा वृद्ध आमाबुबाले आफ्नो मृत्यु हुँदा उपस्थित भै मलामी जान पनि नसक्ने बनाउने विश्वविद्यालय भन्दा शिक्षा आर्जन गरेर नेपालमा नै ठहरेर छात्र–छात्रा उत्पादन गर्ने वैदिक ज्योतिष विज्ञान विश्वविद्यालयमा लगानी गरौं । हाम्रै राष्ट्र नेपालको ज्योतिष र धर्मको जगेर्ना गर्न चाहनुहुन्छ भने निम्न खातामा आर्थिक सहयोग पठाउनुहोस् ।

**वैदिक ज्योतिष विज्ञान विश्वविद्यालय नेपाल**

खाता नं.००५०२२०३१५ साँग्रिला विकास बैंक लि.

नयाँबसपार्क शाखा,पोखरा–२, कास्की नेपाल

रकम पठाएको जानकारी निमित्त ९८५६०२०९१४

# डा. बलराम उपाध्याय रेग्मी व्यक्ति एक व्यक्तित्व अनेक



१) अंग्रेजी साहित्यमा एम.ए. गरेको नेपालको पहिलो ज्योतिष व्यक्तित्व ।
२) अंग्रेजी माध्यममा ज्योतिष पत्रकारितामा पी.एच.डी गर्ने नेपालको पहिलो व्यक्ति ।
३) नेपालको पहिलो ज्योतिष पत्रकार, जसलाई संचार मन्त्रालयले प्रेस पास जारी गरेको छ ।
४) नेपालको पहिलो अंग्रेजी ज्योतिष पत्रकार (प्रमाणका लागि www.jbweekly.com)
५) अंग्रेजी ज्योतिष पत्रकारितामा नेपाल राष्ट्रलाई विश्वमा नै पहिलो बनाउने व्यक्ति, (प्रमाणका लागि www.motigo webstat.com खोली हेर्नें ।)
६) नेपाली ज्योतिष पत्रकारिताको माध्यमबाट नेपाललाई पहिलो बनाउने व्यक्ति । श्रोत : www.jbweekly.com नेपाली ।
७) जिल्ला प्रशासन कार्यालय पर्वत तथा संचार मन्त्रालय नेपालबाट स्वीकृतिप्राप्त तथा स्थायी नेपालकै पहिलो (मासिक) पत्रिका ज्योतिष जागरणको संस्थापक/सम्पादक ।
८) ज्योतिष विधाको नेपालकै पहिलो मेडिया नेपाल ज्योतिष पत्रकार संघ राष्ट्रिय समितिको संस्थापक पहिलो अध्यक्ष ।
९) नेपाल राष्ट्रिय पण्डित समाजको नेपालकै पहिलो संस्थापक/संयोजक (२०६६)
१०) ज्योतिष शिक्षाकोमात्र प्रोफेशनल पढाइ हुने नेपालकै पहिलो र एकमात्र कलेज पोखरा ज्योतिष महाविद्यालयको संस्थापक अध्यक्ष (दिल्लीबाट सम्बन्धनप्राप्त १५ फरवरी २००६ मा स्थापित)
११. नेपालको इतिहासमा लिगल जन्मकुण्डलीको पहिलो डिजाइनर/कानूनी जन्मकुण्डली लेखक (वि.सं.२०५० देखि)
१२) हिन्दी भाषाको माध्यमबाट विश्वमा नेपाललाई नं. १ बनाउने पहिलो व्यक्ति । श्रोत : फ्युचर समाचार डटकम/ फ्युचर समाचार (मासिक) दिल्ली ।
१३. अंग्रेजी भाषाको माध्यममा नेपाललाई विश्वमा दोस्रो नं. मा बनाउने व्यक्ति । श्रोत : The research Journal of Astrology-Delhi.
१४) लिखित ज्योतिष भविष्यवाणी गर्ने नेपालको पहिलो व्यक्ति ।
१५) दैनिक टिकटमा उपलब्ध नेपालको पहिलो ज्योतिषी ।
१६) नेपालका ३९१५ गा.वि.स. बराबर दक्ष/ तालिमप्राप्त ज्योतिषी उत्पादन गर्ने पहिलो ज्योतिष प्राध्यापक ।
१७)नेपालकै पहिलो र एकमात्र ज्योतिष समाचारपत्र ज्योतिष भविष्यवाणी (साप्ताहिक) को पहिलो संस्थापक ।
१८) नेपालको इतिहासमा पहिलो र एकमात्र अंग्रेजी ज्योतिष समाचारपत्र ज्योतिष भविष्यवाणी (साप्ताहिक) को पहिलो संस्थापक/ सम्पादक ।
१९) दैनिक ५ घण्टा १० मिनेटका दरले लगातार दैनिक ३६ किलोमिटर पैदल ५ वर्षसम्म हिंड्ने विश्वकै पहिलो ज्योतिषी/अंग्रेजी प्राध्यापक ।
२०) नेपालको इतिहासमा पहिलो र एकमात्र अनलाईन ज्योतिष समाचारपत्र ज्योतिष भविष्यवाणी (नेपाली भाषा) को संस्थापक सम्पादक/प्रकाशक
२१) नेपालको इतिहासमा पहिलो र एकमात्र अंग्रेजी अनलाइन ज्योतिष समाचारपत्र ज्योतिष भविष्यवाणी (साप्ताहिक) को पहिलो संस्थापक/प्रधान संपादक
२२) नेपालको इतिहासमा सर्वाधिक धेरै राजनीतिक भविष्यवाणी गरेर पुर्‍याउने पहिलो ज्योतिषी ।
२३) रेडियोबाट खुल्ला सार्वजनिक भविष्यवाणी गर्ने नेपालको पहिलो रेडियो ज्योतिष भविष्यवक्ता ।श्रोत : रेडियो अन्नपूर्ण ९३.४ ।
२४) नेपालको इतिहासमा सर्वाधिक धेरै स्वर्ण पदक मानद उपाधि, सम्मान प्राप्त अन्तर्राष्ट्रियस्तरको पहिलो व्यक्ति ।
२५) अन्तर्राष्ट्रियस्तरमा दैनिक ज्योतिष परामर्श दिने नेपालको जीवितमा पहिलो व्यक्ति ।
२६) ज्योतिष विश्व सम्राट उपाधि पाउने विश्वका चारजनामध्ये एउटा, नेपालको पहिलो वरिष्ठ ज्योतिष भविष्यवक्ता ।
२७) तीनपटक वरिष्ठ ज्योतिष भविष्यवक्ता मेडल प्राप्त गर्ने नेपालको पहिलो व्यक्ति ।
२८) कानुन व्यवसाय र ज्योतिष परामर्श एकैसाथ संचालन गर्ने जीवित नेपालको पहिलो अधिवक्ता ।
२९) विश्वमा ज्योतिष विधाकोमात्र पढाइ हुने ज्योतिष विधाको नाममा स्थापित हुन गैरहेको वैदिक ज्योतिष विज्ञान विश्वविद्यालय (प्रस्तावित) नेपालको पहिलो संस्थापक अध्यक्ष ।
३०) धवलागिरि अञ्चल, पर्वत जिल्ला, कुश्मास्थित गुप्तेश्वर बहुमुखी क्याम्पसको पहिलो संस्थापक अंग्रेजी प्राध्यापक ।
३१) अंग्रेजी विषयमा आफ्ना विद्यार्थीलाई त्रिभुवन विश्वविद्यालय नेपालबाट नेपाल प्रथम गराउन सफल नेपालकै प्रथम अंग्रेजी प्राध्यापकमध्ये एक ।
३२) अन्तर्राष्ट्रिय ज्योतिष अनुसन्धान प्रशिक्षण एवं भविष्यवाणी केन्द्र नेपालको एकमात्र विश्वस्तरको संस्थाको संस्थापक अध्यक्ष ।

संकलक : हरि पन्त

## महजात्रा...

पछि हरिवंशले रमिला पाठकसंग दोश्रो विवाह गरेका छन् । उनको जीवनका उकाली ओरालीको शव्दचित्र 'चिना हराएको मान्छे' सम्भवत: नेपालमा सर्वाधिक बिक्री भएकोमध्ये एक आत्मकथा हो । त्यसैगरी वि.सं.२००७ बैशाख ७ गते लक्ष्मी देवीका गर्भबाट जन्मिएका मदनकृष्ण श्रेष्ठले बाल्यकालमै आमाको माया गुमाउनुपरेको थियो । उनका बाबुको नाम रामकृष्णलाल श्रेष्ठ हो । मदनले वि.सं. २०३१ सालमा यशोदासंग घरजम बसाएका हुन् । उनीहरुले छोरा यमन र छोरी श्रानालाई जन्म दिएका छन् । विसं.२०२२ सालतिरै रेडियो नेपाल छिरेका उनले कर्मचारी संचय कोषमा पनि जागिर खाए । २०३२ सालको राष्ट्रिय गाइजात्रा महोत्सवले उनलाई दर्शकहरु माझ परिचित बनायो । काठमाडौंको जितपुर फेदीमा जन्मिएका मदनकृष्ण र राजधानीको गैह्रीधारामा जन्मिएका हरिवंशलाई पहिलोचोटी एकजुट गराउने कार्यक्रम थियो–२०३७ सालको नेपाल राष्ट्र बैंकमा प्रदर्शित बैङ्कटेश्वर । दिल दुखेपनि अनुहार हँसाउँदै हिंड्नुपर्ने पेशा लिएर हिंडेका मह हरेक दिनजसो कुनै न कुनै कार्यक्रममा व्यस्त हुन्छन् । आत्मीयरुपमा असाध्यै निकट यी बहुमुखी धरोहरहरु आजकल विज्ञापन र सामाजिक कार्यमा घोटिइरहेका छन् । शरीरका कलपूर्जाले काम गर्न सकेसम्म उनीहरुको यात्रा रोकिने लक्षण देखिंदैन । मुलुक सङ्क्रमणकालमा रहेको बेला उनीहरुको काँधमा अझ धेरै जिम्मेवारी थपिएको छ । निष्पक्ष र महत्वपूर्ण मान्छेको खोजी गर्ने क्रममा एक नम्बरमा आउने यो जोडीको उपस्थितिले खिया लागेर मक्किइसकेको नेपाली राजनीतिक वृत्तमा पनि गतिलो आशाको सञ्चार गरेको छ तर उनीहरुबाट पाठ सिक्ने हिम्मत र रहर गरेर कुनै राजनेता जन्मन अझै कति कुर्नुपर्ने हाम्रो भाग्यमा लेखिएको होला ?

## चितवन...

लगाउनुभयो । वि.सं.२०३५ सालसम्म एउटा पनि चर्च नभएको जिल्लामा २०७१ सम्म आईपुग्दा ४०० को हाराहारीमा पुगेको छ भने ३० हजार भन्दा बढी अनुयायी रहेको चितवन ईसाई समुदायले जनाएको छ ।

भरतपुर क्षेत्रमा पनि टोल–टोलमा चर्च छन् । ३२ चर्च, नवजीवन चर्च, लगायतका अनेक थरि नाम राखेर उनीहरुले आफ्नो सञ्जाल विस्तार गरिरहेका छन् । खासगरी युनाइटेड मिसन ट्र नेपाल पाँच दशकदेखि नेपालमा छ । करीब १६ देशका ४० वटाजति संस्था मिलेर बनेको यु.एम.एन.ले नेपाल सरकारसंग धर्म प्रचारमा संलग्न नरही सेवामात्रै उपलब्ध गराउने लिखित वचनबद्धता अनुरुप नेपालमा प्रवेश पाएको हो । तर अहिले नेपालीलाई नै ईसाई बनाउने योजनामा मिसन टू नेपाल क्रियाशिल छ । यसले नेपालको अस्तित्वमा ठूलो खतरा आई पर्ने चैतन्य कृष्ण जी महाराजले बताउनुभयो । उहाँका अनुसार ईसाईहरु हिमाली भेगमा गुम्बा सुधारका नाममा क्रियाशिल छन् भने पहाडी र तराई बिरामीको रोग निको बनाउने भन्दै बाईवल बाँड्दै धर्म परिर्वतन गराउने ध्याउन्नमा व्यस्त छन् ।


## काशीमा पनि धार्मिक/ज्योतिष उपचार व्यवस्था

'काश्यां मरणात् मुक्ति' अर्थात काशीमा मृत्यु भएमा सिधा मुक्ति पाइन्छ भन्ने सूर्य पुराणमा उल्लेख गरिएको छ । तपाई आँफै काशी आउन सक्ने अवस्था छैन भने तपाईंको ईच्छा काशीमा के गर्न पाए मुक्ति पाइन्थ्यो भन्ने छ हामी तपाईंको धार्मिक कार्यक्रम यहाँ भारतको काशीमा विश्वनाथ घाटमा भागिरथी गंगाको किनारमा गराउन सक्दछौं । त्यसकारण कुनै प्रकारका व्यक्तिबाट न ठगिइकन आफ्नो धार्मिक कार्यक्रम यहाँ आंफै आएर अथवा नेपाल या विश्वका कुनैपनि मुलुकमा रहेर पनि यहाँ काशीमा धार्मिक कार्यक्रम गर्नुछ भने अग्रिम सम्पर्क गर्नुहोस् । मोवाइल ९८५६०३०९१४ नेपाल ।

पं.मधु रेग्मी,व्याकरणशास्त्री पं.प्रदीप रेग्मी, साहित्यशास्त्री

**सम्पूर्णानन्द संस्कृत विश्वविद्यालय, वाराणसी, भारत**


ॐ

सत्यम् शिवम् सुन्दरम्

माननीय गृहमन्त्रीज्यू ।
गृहमन्त्रालय, सिंहदरबार, काठमाडौं ।

**विषय : खुल्ला पत्र, अञ्जान पशुवलि रोक्ने बारे ।**

उपरोक्त सम्बन्धमा विश्वको प्रसिद्ध गढीमाई मेला २०७१ बरियारपुर, बारा, गढीमाई मन्दिर प्राङ्गणमा लाउन गइरहेको भन्ने बुझिन आएको हुँदा हाम्रो गढी माई भनेकी पवित्र भगवती माता हुन् । माताले आफ्ना सन्तानको बलि खान्नन् भन्ने थाहा छ तर गलत प्रचार गराइन्छ । मन्दिरमा लाखौं पशुपंक्षीको बलि दिन लगाउने, गाउँ नै दुर्गन्धित बनाउने, रोग फैलाउने, काम पुजारीले गर्नु भएन । हामी सम्पूर्ण देवी मातालाई साक्षी राखि भन्न चाहन्छौं–रगत पशुपंक्षीकोमात्र आउँदैन, पुजारीको पनि आउँछ । यदि माता तिमीले बलि खाने हो भने पहिला चेतनशील मनुष्यको बलि दिन लगाउनु मन्दिरका पुजारीसंग । त्यसपछिमात्र अन्य बलि खाउ । हामी सम्पूर्ण हिन्दू धर्ममा आस्था राख्ने सन्त–महन्त, पण्डित, पूजारी, ज्योतिषी, मानव अधिकारवादिदेखि माओवादीसम्मलाई अनुरोध गर्न चाहन्छौं–यदि तपाई हामीमा अलिकति पनि चेतना छ भने हाम्रो यो पवित्र देवभूमि हिन्दूराष्ट्रका कुनैपनि मठ–मन्दिरमा बलि दिन हुन्न । बलि दिने मन्दिरमा कुनै पनि दैविक शक्ति छैन । हाम्रो नेपाल सरकारलाई पनि पूर्ण रुपमा नियमानुसार ध्यान जाओस्, यस्ता गलत कार्यलाई रोक लगाउँदै श्री गढीमाई शक्तिपीठमा लेखियोस्–बलि दिन लगाउने केही बुँदा यसै निवेदन साथ फोटोकपि गरी पेश गरेका छौं । सत्य–असत्य पत्ता लगाउन अरु कुनैपनि अनुसन्धान गर्नुपर्दैन । बलि दिने बेला भएपछि गढीमाईको सवारी हुन्छ । माईको सवारी भएपछि माताको नाउँमा राखिएको दीप आफै जल्छ भन्ने लेखिएको छ । त्यहि दीप आफै जल्छ कि जलाइन्छ ? यति नेपाल सरकारका सुरक्षा निकायले ध्यान पुर्‍याओस् र लाखौं पशुपंक्षीको ज्यान बच्न सक्छ । त्यसैले हिन्दू धर्मावलम्वीसंग सबैलाई अपिल गर्न चाहन्छौं कि पशुबलि पक्षपातको बलि सत्यको हो कि होइन ?

बोधार्थ :
सबै सुरक्षा निकाय, मानवअधिकारवादी, विश्वको चौथो अङ्का रुपमा उदयमान भएका संचारजगत ।

गढीमाई तिम्रो आदेश, प्रचारमा ल्यायौं ।
मन्दिरमा रोकौं बलि, बिन्ती पत्र चढायौं ॥
जय भगवती गढीमाता !

निवेदक : नित्यानन्द भुर्तेल
कोषाध्यक्ष, सुशासन शिवशक्ति धार्मिक समाज नेपाल


## ज्योतिष भविष्यवाणी (साप्ताहिक) कार्यालयका सेवाहरू

१. भर्खरै जन्मेका बच्चा/बच्चीको हालसम्म चिना जन्मकुण्डली बनेका छैनन् भने यहाँ नयाँ चिना बनाइन्छ ।
२. पुराना कच्चा कागजमा बनेका, फाटेका धुजा हुन लागेका वा मेटिन लागेका चिना फेरि नयाँ बनाइन्छ ।
३. चिना र हस्तरेखाबाट तुलनात्मक अध्ययन गरी शतप्रतिशत भूत, वर्तमान, भविष्यका बारेमा लिखित ग्यारेण्टी तथा अडियो क्यासेटमा रिकर्ड गरी भविष्यवाणी गरिन्छ ।
४. ज्योतिष व्यवसायी तालिम संस्थागतरूपमा दिइने व्यवस्था चलिरहेको छ ।
५. ज्योतिष चिकित्सा परामर्श सेवा नियमितरूपमा संचालित छ । अन्यत्रको उपचार नलागेका व्यक्तिहरू सम्पर्क गरी सो सेवा लिइरहनुभएको छ ।
६. पुरानाभन्दा पुराना रोग पत्ता लगाइन्छ । ज्योतिषको वैज्ञानिक उपचारबाट बिरामी ठीक गरिन्छ ।
७. ज्योतिष भविष्यवाणी पत्राचारबाट पनि लेखिपठाउने व्यवस्था छ ।
८. आधुनिक सर्टिफिकेट मोडलमा छापा ८ कुण्डलीका फर्म यहाँ किन्न पाइन्छ ।
९. ज्योतिष जागरण (मासिक), ज्योतिष भविष्यवाणी (साप्ताहिक), ज्योतिष आवाज (मासिक), स्वयं ज्योतिषी, ज्योतिष वैज्ञानिक उपचार, हाम्रा प्रकाशन खोजी–खोजी पढ्नुहोस् ।
१०. एकसय वर्षका पुराना पात्राहरू चाहिएमा हामी हेर्ने सुविधा दिन्छौं ।



**ज्योतिष भविष्यवाणी (साप्ताहिक)**
कार्यालय : पोखरा–२, अर्चलबोटचोक, कास्की, पो.ब.नं. 207, पोखरा, नेपाल ।
Phone/Fax : +977-61-540347 Mobile Phone: +977-9856020914, 9856030914, 9726153684 (Direct)
E-mail: jbweekly2055@gmail .com
Website: www .jbweekly .com, www .Facebook .com/jbweekly

# जितियामा ओटघनको साहित नपर्दा उपवास लम्बिने

✎प्रभासचन्द्र झा

**विराटनगर** : मैथिल र थारु समुदायका आमाले आ-आफ्ना सन्तानको दीर्घायुको लागि मनाइने पर्व जितियाको उपवासको अवधि यसपल्ट लम्बिने भएको छ।

आश्विन कृष्णअष्टमी तिथिको समयमा थपघट भएका कारण ओटघनको साहित नपर्दा वर्तालुहरूलाई लगातार कम्तिमा ३२ घण्टासम्म निराहार बस्नुपर्ने भएको हो। वर्तालु महिलाले सप्तमी तिथिको उत्तरार्द्ध अर्थात् बिहानपखको समयमा गर्ने भोजनलाई ओटघन भनिन्छ। जितिया पर्वमा ओटघनको धेरै महत्व हुन्छ। ओटघनको भोजनमा वर्तालुसँगै बालबालिका हरू अनिवार्य रूपले सहभागी हुने गरेकाले उनीहरूलाई ओटघनप्रति बढी चासो रहन्छ।

यस सम्बन्धमा सप्तरी मधवापुरका पण्डित हलधर पाठक भन्नुहुन्छ, "भदौ ३० गते सोमबार बेलुकी १० बजेर ३७ मिनेटसम्म मात्र सप्तमी तिथिको समय रहेको र सोही समयभित्रै व्रतालुहरूले भोजन र जल ग्रहण गर्नुपर्ने हुन्छ, त्यसउपरान्त अष्टमी तिथि शुभारम्भ हुने भएका कारण स्वतः उपवास शुरु हुने भएकाले ओटघन साहित नपरेको हो।" सोमबार राति १० बजेर ३७ मिनेटभित्र भोजन गरेपछि स्वतः उपवास शुरु भएको सम्झनुपर्दछ र बुधबार असोज १ गते बिहान सूर्योदयपश्चात् स्नान गरी पूजापाठ गरेरमात्र व्रतालुहरूले अन्नजल ग्रहण गर्न पाउने उहाँको भनाइ छ।

यी दुवै समुदायमा यो पर्वको अत्यधिक महत्व छ। अति नियमनिष्ठाका साथ मनाइने यस पर्वमा सप्तमी तिथिका दिन व्रतालु माताहरूले पोखरीमा स्नान गरी सूर्यदेवलाई जल अर्पण गरी जिमूतवाहन देउताको व्रतको सङ्कल्प गर्नुपर्ने हुन्छ। यो पर्व पितृपक्षको अवधिमा पर्छ। तसर्थ, व्रतालु मैथिल ब्राह्मणीले आ-आफ्ना सन्तानको दीर्घायुका साथै दिवङ्गत सासू र आमाको मोक्षप्राप्तिका लागि अन्य गोत्रकी सधवा ब्राह्मणीलाई सप्तमी तिथिका दिन निम्तो दिई भोजन गराउँछन्। त्यसपछि, सोही दिन सधवा व्रतालु महिलाले कोदोको रोटीसाथै माछा र विधुवाहरू अरुवा अरुवाइन खाने गर्छन्। अष्टमी तिथिभर उपवासमा बसेकी ब्राह्मणीले नवमी तिथिका दिन अन्य गोत्रका कम्तिमा एकजना ब्राह्मणलाई भोजन गराई दानदक्षिणा अर्पन गर्नुपर्ने हुन्छ। ब्राह्मणले भोजन गरेपछि व्रतालुलाई अन्नजल ग्रहण गर्न आदेश नदिएसम्म वर्त सम्पन्न भएको मानिँदैन।

जितिया पर्वको सम्बन्धमा भविष्य पुराणमा उल्लेख गरिएको छ, एकपल्ट पार्वतीले महादेवसमक्ष यस्तो कुन व्रत वा तपस्या गर्दा सन्तानको अकाल मृत्यु हुँदैन भनि राख्नुभएको जिज्ञासामा महादेवले जिमूतवाहनको कुशको मूर्ति बनाई कलशमा स्थापना गरी त्यसपछि, आँगनमा सानो पोखरीको आकृति निर्माण गरेर डिलमा एउटा पाखरीको रुखको हांगा गाड्नु पर्दछ भन्नुभएको बताइन्छ। त्यसपछि, हाँगामाथि चिलको आकृति र सोको मुनि एउटा स्यालनीको आकृति बनाएर विधिपूर्वक पूजा गरेको खण्डमा सन्तानको बिग्रेको ग्रहगोचर सही हुने र अकाल मृत्युबाट जोगिन्छ भनेर पार्वतीलाई जानकारी गराउनुभएको किम्वदन्ती रहेको छ। यस पर्वको खास महत्वको रूपमा जितिया पर्वको कथा पनि हो। टोल-टोलका व्रतालु माताहरूका साथै अन्य महिलाहरू एक ठाउँमा भेला भएर बडो श्रद्धाका साथ कथा श्रवण गर्छन्। यस कथाको मुख्य उद्देश्य जितिया पर्व विधिपूर्वक गर्ने शीलावतीको छोरा जीवित रहनु, शीलावतीकी कान्छी बहिनी कर्पूरावतीले व्रत भङ्ग गरेकी कारण एउटा पनि छोरा जीवित नरहनुलगायतका विषयमा जानकारी गराई नियमनिष्ठाका साथ वर्त सम्पन्न गराउनेतर्फ प्रेरित गर्नु रहेको श्रीमती अमिता झाले बताउनुभयो।

तसर्थ, यो पर्व विधिपूर्वक नियमनिष्ठाका साथ गर्नुपर्ने र खण्डित गर्न नपाइने भएकाले बाचुन्जेलसम्म माताहरूले सन्तानको दीर्घायुका लागि पर्वलाई निरन्तरता दिने गर्छन्।

खासगरी तराइका जिल्लामा बढो उत्साहका साथ दुवै समुदायका मानिसहरू पर्व मनाउने तयारीमा जुटेका छन्। कतिपय ठाउँमा जिमूतवाहन देउताको मूर्ति बनाएर विधिपूर्वक पूजापाठ गर्ने गर्छन् भने थारु समुदायका महिलाहरू पूजापाठका साथै नाचगान लगायतका कार्यक्रमसमेत आयोजना गर्छन्। यस पर्वमा हरितालिका तीजको पनि प्रभाव पर्न थालेको छ। जितिया पर्व मनाउने व्रतालुहरूका लागि तीजको जस्तै दर खुवाउने चलन शुरु भइसकेको छ। यतिखेर झापा, मोरङ, सुनसरी, सप्तरीलगायत तराईका सहरी क्षेत्रमा सामूहिक रूपमा दर खुवाउने कार्यक्रम व्यापक रूपमा देखिन थालेको छ। खासगरी, थारु समुदायमा कतिपय व्रतालुहरू माइतमा पुगेर यो पर्व मनाउने गर्छन्।

# अख्तियार अब धर्मगुरुकहाँ

✎ज्योतिष भविष्यवाणी

**महोत्तरी** : २५ लाख रुपैयाँ हिनामिना गरेको आरोप लगाउँदै महोत्तरीको पर्सादेवाङ गाविसका मुस्लिम समुदायले स्थानीय मदरसाका धर्मगुरुविरुद्ध अख्तियारमा निवेदन दर्ता गराएका छन्। मुस्लिम बाहुल्यता रहेको पर्सादेवाङ गाविसमा अवस्थित फैजुल इस्लाम मदरसाका धर्मगुरु अब्दुल समीले मदरसाको रु. २५ लाख हिनामिना गरेको आरोप लगाउँदै स्थानीय जनताले जिल्लाको बर्दिवासमा रहेको अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सम्पर्क कार्यालयमा निवेदन दर्ता गराएका छन्।

स्थानीय मुस्लिम बालबालिकाको अध्ययनका लागि विगत ४० वर्षदेखि सञ्चालित सो मदरसामा धर्मगुरु अब्दुल समी, उनका छोराहरु शेष असद, शेष वासिक, शेष वकाउल्लाह, सइद अहमद, नेमतुल्लाहलगायतका व्यक्तिले व्यापक आर्थिक अनियमितता गरेको आरोप लगाइएको छ। धर्मगुरु अब्दुलले मदरसाको स्थापनाकालदेखि नै त्यसमा आफ्नै परिवारका सदस्यलाई शिक्षक बनाई र व्यवस्थापन समितिमा समेत आफ्नै परिवारका सबै व्यक्तिलाई राखी आर्थिक हिनामिना गरिआएको बताइन्छ। मुस्लिमहरुको उर्दु शिक्षाको साथसाथै आधुनिक शिक्षाको नाउँमा सो मदरसामा देश र विदेश तथा सरकारी सहयोगबाट आएको करिब रु.२५ लाख धर्मगुरु अब्दुलले हिनामिना गरेको स्थानीय जनताले निवेदनमा उल्लेख गरेका छन्। मदरसाको हरहिसाब खोजबिन गर्दा तथा पारदर्शी गर्न माग गर्दा धर्मगुरु अब्दुलले हिसाब राखिएको रजिष्टर तथा चन्दा प्राप्त सम्पूर्ण नगदी र जिन्सी रसिदहरु चोरी भएको झुठो कुरा स्थानीय जनतासामु भन्ने गरेको निवेदनमा उल्लेख गरिएको छ। स्थानीय जनताले अख्तियारका साथै महोत्तरीको जिल्ला प्रशासन कार्यालयमा समेत धर्मगुरु अब्दुलविरुद्ध निवेदन दर्ता गराएका छन्।

# भक्तपुरमा पुलुकिसी जात्रा शुरु

✎ज्योतिष भविष्यवाणी

**भक्तपुर** : सांस्कृतिक महत्व बोकेको परम्परागत ऐरावत हात्ती घुमाउने अर्थात् पुलुकिसी जात्रा शुरु भएको छ। प्रत्येक वर्ष आश्विन कृष्ण चौथीका दिन मनाइने ऐरावत हात्ती अर्थात् पुलुकिसी जात्रा तौमढीमा रहेको शक्तिशाली आकाश भैरवलाई पूजा गरी त्यहीँबाट निकालेर शुरु भएको भैरव नाइके मोतीबहादुर सुवालले जानकारी दिनुभयो।

लाकोलाछेँ टोलमा बाँसको मान्द्रोले बेरी निलो कपडाले छोपेर हात्तीको जस्तै सुँढ राखी बनाइएको ऐरावत हात्तीलाई टोल टोल घुमाएर जात्रा मनाइने गुठी संस्थान भक्तपुरका प्रमुख लेखनाथ सापकोटाले बताउनुभयो। पुलुकिसी जात्रामा परम्परागत बाजागाजाका साथ भक्तपुर नगर परिक्रमा गरिन्छ। देवराज इन्द्रका विश्वासिलो सेवक पुलुकिसीलाई जात्राका क्रममा वंशगोपाल चोकमा धान खुवाउने, दरबार क्षेत्रमा आगो तपाउने र दत्तात्रयस्थित (तल्ला तुन्छी) इनारमा पानी खुवाउने प्रचलन छ। जात्राका क्रममा पुलुकिसीको सुँढले मानिसलाई छोएमा दशा लाग्छ भन्ने धार्मिक विश्वास अनुसार जात्राको बेला पुलुकिसी ल्याउँदा छुन्छ कि भनेर मानिसहरू परपर बस्ने गर्छन्।

पुलुकिसी जात्रासँगै मसान भैरवको खट जात्रा, याःमता (आकासे बत्ती) र मृपात्र जात्रासमेत मनाइएको छ। ऐतिहासिक देवी पुराण र पद्म पुराण गन्थअनुसार देवराज इन्द्रका पुत्र जयन्त पृथ्वी लोकमा मात्र पाइने फूल खोज्न आउदा बगैंचामा जयन्तलाई नियन्त्रणमा लिएर दुर्व्यवहार गरिएको र जयन्तलाई खोज्न आएको सन्दर्भमा जात्रा मनाइएको बताइन्छ।

# पितृतीर्थ धामहरुमा तर्पण दिनेहरुको भीड

✎ज्योतिष भविष्यवाणी

**काठमाडौं** : काठमाडौंको उत्तरपूर्वी भेगस्थित गोकर्णेश्वर उत्तरगया पितृतीर्थ धाममा पितृ पक्ष अर्थात् सोहश्राद्धको अवसर पारेर तर्पण, सिदादान र पिण्डदान गरी श्राद्ध गर्नेको भिड लाग्न थालेको छ। वाग्मती, सूर्यमती र चन्द्रमती नदीको सङ्गमस्थलका रुपमा रहेको त्रिवेणीमा श्राद्ध गर्दा २१ कुलका पितृ तर्ने उल्ले स्कन्द पुराणको हिमवत्खण्ड नेपाल महात्म्यमा भएको जनाइएको छ। सो स्थलमा श्राद्ध गर्नाले घर, मावली र ससुरालीतर्फका सात सात कुल पितृ तर्छन् भन्ने धार्मिक मान्यता रहेको मन्दिरका पुजारी जगदीशचन्द्र भट्टले बताउनुभयो। वाग्मती नदी सो स्थलमा उत्तर भएर बग्ने भएकाले पनि गोकर्णेश्वर मन्दिरदेखि कान्तिभैरव मन्दिर उत्तरबाहिनी सम्म पितृ पक्षमा दैनिक दुईदेखि ३०० व्यक्तिले श्राद्ध गर्ने गरेका छन्। सो सङ्ख्या पितृ पक्षको एकादशी र औंसीमा अझ बढ्ने गरेको पनि उहाँले बताउनुभयो।

गोकर्णेश्वरमा विष्णुको दायाँ पाउ नै रहेको धार्मिक विश्वास रहेकाले पनि यस स्थलमा पितृ पक्षमा श्राद्ध गर्नेको सङ्ख्या बढ्ने गरेको गोकर्णेश्वर उत्तरगया पितृ तीर्थको अनुसन्धानमा लाग्नुभएका साहित्यकार गोविन्दप्रसाद वेदमणि बताउनुहुन्छ।

प्राचीनकालमा राजा भरतले राज्य गरेको भन्दा उत्तरतिर रहेको र सप्त पर्वतले पनि घेरिएका कारण वेद र धर्मशास्त्रले उल्लेख गरेको उत्तरगया पितृतीर्थ गोकर्ण नै भएको प्रमाणित तथ्य भए पनि नेपालले माल पाएर चाल नपाएका कारण सो तीर्थ ओझेलमा परेको प्रा.डा. ऋषिराम पोखेलले बताउनुभयो।

भारतीय भक्तजनसमेत सो तीर्थ खोज्दै आउने गरेको पुजारी भट्ट बताउनुहुन्छ। यसको समुचित विकास र प्रचार-प्रसार गर्न सके धार्मिक पर्यटक बढ्ने प्रशस्त सम्भावना भएपनि सरकार र सम्बन्धित निकायको दृष्टिमा नपरेकाले ओझेलमा परेको श्राद्ध गर्न आउनुभएका बाग्लुङका सुमनप्रसाद पौडेलले बताउनुभयो।

यसैगरी हिमालपारिको जिल्ला मुस्ताङको कागवेनीमा आफ्ना पितृलाई तर्पण दिनेहरुको भीड लागेको छ। सोहश्राद्धमा दिवंगत आफन्तको सम्झनामा काली गण्डकी नदी किनारमा श्राद्ध गर्न कागवेनीस्थित कालीगण्डकी नदीमा मुलुकका विभिन्न ठाउँबाट सर्वसाधारणको भीड लाग्न थालेको हो। प्रसिद्ध धार्मिक स्थल मुक्तिनाथबाट बग्को नदी र दामोदरकुण्ड हुँदै बग्को कृष्णगण्डकीको सङ्गम स्थल कागवेनीमा दैनिक ३०० देखि ५०० जनासम्म तर्पण दिनेको भीड लागेको मुक्तिनाथ विकास समितिका कार्यालय सचिव रविन सुवेदीले जानकारी दिनुभयो।

बेनी-जोमसोम सडकखण्ड हुँदै बस तथा जिप र हवाइमार्ग हुँदै कागवेनी पुगेका धर्मावलम्बीहरूले दिवङ्गत आफन्तजनको आत्माको चिर शान्तिको कामना गर्दै तर्पण दिएपछि मुक्तिनाथ मन्दिरको समेत दर्शन गर्ने गरेका छन्।

# पर्वतका...

छ। "वयं राष्ट्रे जागृयाम पुरोहिताः" अर्थात्–अब हामी पण्डितहरु जाग्ने बेला आएको छ) भन्ने वेदको अग्रगामी शिक्षालाई शिरोधार्य गरी परस्पर एकता र मित्रताका साथ "सङ्घे शक्तिः कलौ युगे" अर्थात् (कलियुगमा सङ्गठनबाट नै बल प्राप्त हुन्छ) भन्ने उक्तिलाई आत्मसात् गर्दै पण्डित, पुरोहित, ज्योतिषी, साधु-सन्त र विद्वद्वर्ग सबै मिलेर आफ्नो मर्यादा कायम गर्न, समाजलाई सही ढङ्गबाट धार्मिक/ शास्त्रीय कृत्य सम्पादन गर्न निरन्तर क्रियाशील रहनुपर्ने कुरा पण्डितहरुको आचार संहितामा रहेको धर्मसभाका अध्यक्ष प्रा.डा. माधव भट्टराईले बताउनुभयो। उहाँका अनुसार पण्डितहरु भनेका विद्वान्भन्दा पनि माथिल्लास्तरका व्यक्तित्व हुन् जसले समाज र राष्ट्रलाई नै मार्गनिर्देशन गर्छन्।


## ग्रहशान्ति विभाग

यहाँ ग्रहशान्ति, हवन, पूजापाठ, रुद्री, अनुष्ठान, वास्तु जुराउने, वास्तु पूजा गर्ने, वास्तु दोष निवारण एवं पूजापाठ ग्यारेन्टीका साथ गरिन्छ।

व्यवस्थापक

ज्योतिषाचार्य सन्तोष रेग्मी 'शास्त्री'

एम.ए. ज्योतिष/वास्तु विशेषज्ञ

९८५६०३७८२३, ९८४६३६५५०९

## सूचना ! सूचना !! सूचना !!!

प्रत्येक मंगलबार बिहान ठीक ८:३० बजेदेखि ९:३० बजेबीच सुनौलो एफ.एम.१०२.२ मेगाहर्ज पोखराद्वारा संचालित कार्यक्रम 'ज्योतिष जागरण' सुन्दै गर्नुहोला। आफ्ना सुझाव सल्लाहका लागि मोवाइल नं. ९८५६०३०९१४

कार्यक्रम संचालक

वरिष्ठ ज्योतिष भविष्यवक्ता

डा.बलराम उपाध्याय रेग्मी

पो.ब.नं.२०७, पोखरा, नेपाल

## सूचना ! सूचना !! सूचना !!!

प्रत्येक व्यक्ति जन्मंदा नाङ्गै आउँछ, मृत्युपछि पनि एक्लै जाने हो। हामीले जीवनमा जतिसुकै उन्नति-प्रगति गरेपनि त्यो आफू र आफ्ना परिवारमा सीमित भइयो भने पशुपंक्षी, जीव-जनावर र मानिसबीच फरकै के रह्यो र ? श्रीमती छोरा-छोरी त पशुपंक्षी, किरा फट्याङ्ग्राले पनि पालेकै छन्। मानिस एउटा व्यक्तिमात्र पनि हो, उ व्यक्तिगत सुख, दुःख, लाभ, हानीमा केन्द्रित हुन्छ भने। एउटा व्यक्तिले चाह्यो भने के सम्भव नहुँदो रहेछ र ? नेपाल राष्ट्रले जन्माएका छोरा डा. उपेन्द्र महतो र जीवा लामिछाने, उत्तम संजेल जस्ता छोरा पनि नेपाल, विदेशमा हुन सक्छन्, जसको आर्थिक सहयोगले समता निकेतन जस्तो स्कूल र विश्वविद्यालय पनि चलाउन पनि सकिंदो रहेछ। स्वदेश नेपाल, विदेशमा नेपाल राष्ट्र र ज्योतिष शिक्षालाई माया गर्ने विश्वमा कुनै व्यक्ति शिक्षासेवी, समाजसेवी हुनुहुन्छ भने तपाई निम्न ठेगानामा सिधै आर्थिक सहयोग गर्न सक्नुहुनेछ।

पोखरा ज्योतिष महाविद्यालय

खाता नं. ००५०२२०८१५ सांग्रिला विकास बैंक लिमिटेड

नयाँबसपार्क शाखा,पोखरा-२, कास्की, नेपाल

रकम पठाएको जानकारी निमित्त ९७२६१५३६८४

# दैनिक शुभ समय कार्य तालिका

ज्यो.आनन्द रेग्मी

| | |
|---|---|
| बिहीबार २०७१/६/२ Sept.18, 2014 | बिहान ५:५० बजेदेखि ७:२० बजेसम्म शुभ/बिहान ७:२० बजेदेखि ८:५० बजेसम्म रोग/बिहान ८:५० बजेदेखि १०:२० बजेसम्म उद्वेग/बिहान १०:२० देखि ११:५० बजेसम्म चर/दिनमा ११:५० देखि १:२० बजेसम्म लाभ/दिनमा १:२० बजेदेखि २:५० बजेसम्म अमृत/दिनमा २:५० देखि ४:२० बजेसम्म काल/बेलुकी ४:२० देखि ५:५० बजेसम्म शुभ । |
| शुक्रबार २०७१/६/३ Sept.19, 2014 | बिहान ५:५१ बजेदेखि ७:२१ बजेसम्म चर/बिहान ७:२१ बजेदेखि ८:५१ बजेसम्म लाभ/बिहान ८:५१ बजेदेखि १०:२१ बजेसम्म अमृत/बिहान १०:२१ देखि ११:५१ बजेसम्म काल/दिनमा ११:५१ देखि १:२१ बजेसम्म शुभ/दिनमा १:२१ बजेदेखि २:५१ बजेसम्म रोग/दिनमा २:५१ देखि ४:२१ बजेसम्म उद्वेग/बेलुकी ४:२१ देखि ५:५१ बजेसम्म चर । |
| शनिबार २०७१/६/४ Sept.20, 2014 | बिहान ५:५१ बजेदेखि ७:२१ बजेसम्म काल/बिहान ७:२१ बजेदेखि ८:५१ बजेसम्म शुभ/बिहान ८:५१ बजेदेखि १०:२१ बजेसम्म रोग/बिहान १०:२१ देखि ११:५१ बजेसम्म उद्वेग/दिनमा ११:५१ देखि १:२१ बजेसम्म चर/दिनमा १:२१ बजेदेखि २:५१ बजेसम्म लाभ/दिनमा २:५१ देखि ४:२१ बजेसम्म अमृत/बेलुकी ४:२१ देखि ५:५१ बजेसम्म काल । |
| आइतबार २०७१/६/५ Sept.21, 2014 | बिहान ५:५२ बजेदेखि ७:२२ बजेसम्म उद्वेग/बिहान ७:२२ बजेदेखि ८:५२ बजेसम्म चर/बिहान ८:५२ बजेदेखि १०:२२ बजेसम्म लाभ/बिहान १०:२२ देखि ११:५२ बजेसम्म अमृत/दिनमा ११:५२ देखि १:२२ बजेसम्म काल/दिनमा १:२२ बजेदेखि २:५२ बजेसम्म शुभ/दिनमा २:५२ देखि ४:२२ बजेसम्म रोग/बेलुकी ४:२२ देखि ५:५२ बजेसम्म उद्वेग । |
| सोमबार २०७१/६/६ Sept.22, 2014 | बिहान ५:५२ बजेदेखि ७:२२ बजेसम्म अमृत/बिहान ७:२२ बजेदेखि ८:५२ बजेसम्म काल/बिहान ८:५२ बजेदेखि १०:२२ बजेसम्म शुभ/बिहान १०:२२ देखि ११:५२ बजेसम्म रोग/दिनमा ११:५२ देखि १:२२ बजेसम्म उद्वेग/दिनमा १:२२ बजेदेखि २:५२ बजेसम्म चर/दिनमा २:५२ देखि ४:२२ बजेसम्म लाभ/बेलुकी ४:२२ देखि ५:५२ बजेसम्म अमृत । |
| मंगलबार २०७१/६/७ Sept.23, 2014 | बिहान ५:५३ बजेदेखि ७:२३ बजेसम्म रोग/बिहान ७:२३ बजेदेखि ८:५३ बजेसम्म उद्वेग/बिहान ८:५३ बजेदेखि १०:२३ बजेसम्म चर/बिहान १०:२३ देखि ११:५३ बजेसम्म लाभ/दिनमा ११:५३ देखि १:२३ सम्म अमृत/दिनमा १:२३ बजेदेखि २:५३ बजेसम्म काल/दिनमा २:५३ देखि ४:२३ बजेसम्म शुभ/बेलुकी ४:२३ देखि ५:५३ बजेसम्म रोग । |
| बुधबार २०७१/६/८ Sept.24, 2014 | बिहान ५:५३ बजेदेखि ७:२३ बजेसम्म लाभ/बिहान ७:२३ बजेदेखि ८:५३ बजेसम्म अमृत/बिहान ८:५३ बजेदेखि १०:२३ बजेसम्म काल/बिहान १०:२३ देखि ११:५३ बजेसम्म शुभ/दिनमा ११:५३ देखि १:२३ बजेसम्म रोग/दिनमा १:२३ बजेदेखि २:५३ बजेसम्म उद्वेग/दिनमा २:५३ देखि ४:२३ बजेसम्म चर/बेलुकी ४:२३ देखि ५:५३ बजेसम्म लाभ । |

# दैनिक रात्रि शुभ समय कार्य तालिका

| | |
|---|---|
| बिहीबार २०७१/६/२ Sept.18, 2014 | बेलुकी ५:५० बजेदेखि ७:२० बजेसम्म अमृत/साँझ ७:२० बजेदेखि ८:५० बजेसम्म चर/राति ८:५० बजेदेखि १०:२० बजेसम्म रोग/राति १०:२० देखि ११:५० बजेसम्म काल/राति ११:५० देखि १:२० बजेसम्म लाभ/राति १:२० बजेदेखि २:५० बजेसम्म उद्वेग/राति २:५० देखि ४:२० बजेसम्म शुभ/बिहानमा ४:२० देखि ५:५० बजेसम्म अमृत । |
| शुक्रबार २०७१/६/३ Sept.19, 2014 | बेलुकी ५:५१ बजेदेखि ७:२१ बजेसम्म रोग/साँझ ७:२१ बजेदेखि ८:५१ बजेसम्म काल/राति ८:५१ बजेदेखि १०:२१ बजेसम्म लाभ/राति १०:२१ देखि ११:५१ बजेसम्म उद्वेग/राति ११:५१ देखि १:२१ बजेसम्म शुभ/राति १:२१ बजेदेखि २:५१ बजेसम्म अमृत/राति २:५१ देखि ४:२१ बजेसम्म चर/ बिहानमा ४:२१ देखि ५:५१ बजेसम्म रोग । |
| शनिबार २०७१/६/४ Sept.20, 2014 | बेलुकी ५:५१ बजेदेखि ७:२१ बजेसम्म लाभ/साँझ ७:२१ बजेदेखि ८:५१ बजेसम्म उद्वेग/राति ८:५१ बजेदेखि १०:२१ बजेसम्म शुभ/राति १०:२१ देखि ११:५१ बजेसम्म अमृत/राति ११:५१ देखि १:२१ बजेसम्म चर/राति १:२१ बजेदेखि २:५१ बजेसम्म रोग/राति २:५१ देखि ४:२१ बजेसम्म काल/बिहानमा ४:२१ देखि ५:५१ बजेसम्म लाभ । |
| आइतबार २०७१/६/५ Sept.21, 2014 | बेलुकी ५:५२ बजेदेखि ७:२२ बजेसम्म शुभ/साँझ ७:२२ बजेदेखि ८:५२ बजेसम्म अमृत/राति ८:५२ बजेदेखि १०:२२ बजेसम्म चर/राति १०:२२ देखि ११:५२ बजेसम्म रोग/राति ११:५२ देखि १:२२ बजेसम्म काल/राति १:२२ बजेदेखि २:५२ बजेसम्म लाभ/राति २:५२ देखि ४:२२ बजेसम्म उद्वेग/बिहानमा ४:२२ देखि ५:५२ बजेसम्म शुभ । |
| सोमबार २०७१/६/६ Sept.22, 2014 | बेलुकी ५:५२ बजेदेखि ७:२२ बजेसम्म चर/साँझ ७:२२ बजेदेखि ८:५२ बजेसम्म रोग/राति ८:५२ बजेदेखि १०:२२ बजेसम्म काल/राति १०:२२ देखि ११:५२ बजेसम्म लाभ/राति ११:५२ देखि १:२२ बजेसम्म उद्वेग/राति १:२२ बजेदेखि २:५२ बजेसम्म शुभ/राति २:५२ देखि ४:२२ बजेसम्म अमृत/बिहानमा ४:२२ देखि ५:५२ बजेसम्म चर । |
| मंगलबार २०७१/६/७ Sept.23, 2014 | बेलुकी ५:५३ बजेदेखि ७:२३ बजेसम्म काल/साँझ ७:२३ बजेदेखि ८:५३ बजेसम्म लाभ/राति ८:५३ बजेदेखि १०:२३ बजेसम्म उद्वेग/राति १०:२३ देखि ११:५३ बजेसम्म शुभ/राति ११:५३ देखि १:२३ बजेसम्म अमृत/राति १:२३ बजेदेखि २:५३ बजेसम्म चर/राति २:५३ देखि ४:२३ बजेसम्म रोग/बिहानमा ४:२३ देखि ५:५३ बजेसम्म काल । |
| बुधबार २०७१/६/८ Sept.24, 2014 | बेलुकी ५:५३ बजेदेखि ७:२३ बजेसम्म उद्वेग/साँझ ७:२३ बजेदेखि ८:५३ बजेसम्म शुभ/राति ८:५३ बजेदेखि १०:२३ बजेसम्म अमृत/राति १०:२३ देखि ११:५३ बजेसम्म चर/राति ११:५३ देखि १:२३ बजेसम्म रोग/राति १:२३ बजेदेखि २:५३ बजेसम्म काल/राति २:५३ देखि ४:२३ बजेसम्म लाभ/बिहानमा ४:२३ देखि ५:५३ बजेसम्म उद्वेग । |

# तपाईंको यो हप्ता

आश्विन २ गते बिहीबारदेखि ८ गते बुधबारसम्म)
(From Sept.18 to 24, 2014)

ज्योतिषाचार्य पं. सन्तोष रेग्मी शास्त्री
ज्योतिष भविष्यवाणी (साप्ताहिक) परामर्श केन्द्र
मो.: ९८५६०३७८२३,९८४६४६५५०९

१. मेष:यो हप्ता तपाईंको स्वास्थ्य ठीकठाक रहनेछ । आदर सत्कार पाइने काममा सहभागी हुन पाइनेछ । पारिवारिक तथा आश्रित कर्मचारीको राम्रो सहयोग पाइने छ । तपाईंको कार्यक्षेत्रमा शुभेच्छुक व्यक्ति नयाँ लाभका अवसर लिएर आउने, रमणीय कार्यमा सहभागी हुन पाइने छ भने मंगलबार, शनिबार तपाईंका लागि शुभ छैनन्, ती दिनहरूमा महत्वपूर्ण कार्य नगर्दा राम्रो हुनेछ ।

२. वृष:तपाईंको यो हप्ता स्वास्थ्य राम्रो रहने छैन । आगामी शनिबार स्वास्थ्यमा एक्कासी समस्या आउनेछ । यो हप्ता टाढाको यात्रा गर्नु पनि उचित छैन । जुनसुकै काममा बिघ्नबाधा आउन सक्ने देखिन्छ । सानो कुरामा चित्त दुख्ने बानीले सामाजिक जनजीवनमा अप्ठ्यारो पनि पार्न सक्ने छ । सोमबार र बुधबारका दिन केही शुभ भएता पनि मंगलबार यात्रा नै नगर्दा राम्रो हुनेछ ।

३. मिथुन:तपाईंको यो हप्ता स्वास्थ्यले राम्रो साथ दिनेछ । प्रशन्नता बढ्ने काम हुनेछन् । उठ्नुपर्ने रकम सजिलै उठ्नेछ । सबै प्रकारका काममा राम्रो सफलता मिल्ने देखिन्छ । इज्जत, प्रतिष्ठा बढ्ने ठाउँमा उपस्थित र सहभागी हुन पाइनेछ । घरमा पारिवारिक सहयोग सबैबाट पाइनेछ । समयको सही उपयोग गर्दै आइतबार र शुक्रबार पश्चिम दिशाको यात्रा भने नगर्नुहोला ।

४. कर्क:तपाईंलाई यो हप्ता जुनसुकै काममा अवरोधहरू रहेका छन् । मनमा अशान्ति, यात्रामा विघ्नबाधा, वायु रोग, खानामा गडबडी कुनै शोक पर्ने समाचार सुन्नु पर्नेछ । शत्रु समेत सक्रिय हुन सक्नेछन् । आफन्तबाट पनि बिरोध गर्नुपर्नेछ । हप्ताको अन्तिम दिन शनिबारदेखि बुधबारसम्म समय खराब रहेका छन् । ती दिनहरूमा विशेष सतर्क भएर काम गर्नुपर्ने देखिएको छ ।

५. सिंह:यो हप्ता तपाईंलाई स्वास्थ्यले साथ राम्रै दिनेछ । आम्दानीमा समेत वृद्धि, आफन्तहरूबाट मान सम्मान मिल्ने, मनमा फूर्ति र उत्साह बढेकै हुनेछ । यो हप्ता तपाईंले औंटेका सबै काममा राम्रो सफलता, परिश्रम अनुसारको आर्थिक लाभ राम्रो पाउनु हुनेछ । आगामी आइतबार र बुधबार विशेष शुभ रहेकाले धार्मिक कार्यमा लगानी गरेमा अर्थिक लाभ तथा सम्मान मिल्नेछ ।

६. कन्या:तपाईंलाई यो हप्ताको बिहीबार र शुक्रबार मध्यम शुभ रहेको छ । आउँदो शनिबार, आइतबार पनि त्यति शुभ रहेका छैनन्, सबै काममा धेरै सतर्क रहनुहोला । सोमबार, मंगलबार खेलकुद क्षेत्रतिर मन, आफन्तसंग भेट्घाटको अवसर मिल्ने देखिन्छ । त्यस्तै समयमा काम सफल, उठ्नुपर्ने रकम उठ्ने, नयाँ लाभका अवसर मिल्ने समेत देखिएकोछ ।

७. तुला:तपाईंको यो हप्ता बिहीबार र शुक्रबार मानसिक चिन्ता पर्ने समाचार सुन्नुपर्नेछ । कसैबाट अपमानित पनि हुनुपर्ला जस्तो छ जो कसै कहाँ नजानु नै उचित हुनेछ । सरकारी कर्मचारीबाट काम असफल बनाउने प्रयास हुने छ । आफन्तबाटै विश्वास घातको सम्भावना छ । आउँदो शनिबार पछिको समय भने राम्रो रहनेछ । तर पश्चिम र पूर्व दिशाको यात्रा शुभ नहुने देखिएको छ ।

८. वृश्चिक:तपाईंलाई यो हप्ता आफन्त व्यक्तिसंग विवाद तथा झगडाको सम्भावना बलियो छ, कमै बोल्नु राम्रो पर्ला, मन चञ्चल, निकट ठाउँको यात्रा, आफूले गर्न खोजेका काममा विघ्नबाधा देखापर्नेछन् भने शनिबारदेखि नयाँ कामको थालनी हुनेछ । मंगलबार, शनिबार तपाईंका लागि त्यति शुभ छैनन् । ती दिनहरूमा महत्वपूर्ण कार्य, टाढाको यात्रा नगर्नु नै राम्रो हुने देखिएको छ ।

९. धनु:तपाईंका लागि सोच्दै नसोचेको धन प्राप्ति हुन सक्नेछ । जग्गा जमीन अथवा वैदेशिक रोजगार सम्बन्धी काम गर्नु छ भने यो हप्ता लाभ हुनेछ । शनिबार र आइतबारका दिन केही खराब रहेपनि अन्यदिनहरू सबैप्रकारले शुभ रहनेछन् । जताबाट पनि तपाईंलाई खुशी लाग्दा समाचार यो हप्ता प्राप्त हुनेछन् । समयको सही सदुपयोग गरेमा उच्चतम् लाभ हासिल हुनेछ ।

१०. मकर:तपाईंको यो हप्ता स्वास्थ्य भरपर्दो रहनेछ । टाढाबाट धन आउने, नयाँ काम धन्दामा लगानी गर्न मन लाग्नेछ । मनमा एकप्रकारको ढुक्कपन रहने, दौडादौडी त्यति गर्नुपर्ने छैन । परिवारका सदस्यहरूबाट सकारात्मक सहयोग हुनेछ । सबै काम सुख र सुविधाका साथ सम्पन्न गर्न सकिनेछ । यो हप्ता समय शुभ रहेता पनि बुधबारबाट स्वास्थ्यमा केही समस्या देखिनेछ ।

११. कुम्भ:यो हप्ता तपाईंको अनावश्यक कार्यमा खर्च गर्न मन लाग्ने, निरासका भावना मनमा उठ्नेछन् । पति-पत्नीबीच मनमुटाव हुन सक्नेछ । आम्दानी भन्दा खर्च बढी हुनाले पारिवारिक तनाव बढ्न सक्नेछ । गरेको कामबाट जस नपाइने, मानसिक चिन्ता बढ्ने काम अरुबाट हुनेछ, आफन्तले नै कुरा काट्नेछन् भने हप्ताको अन्तिमतिरको समय सुधार भएर आउनेछ । यो हप्ता यात्रा गर्दा झन्झट हुनेछ ।

१२. मीन:तपाईंका लागि यो हप्ता स्वास्थ्य सुरक्षित छैन । यो हप्ता महत्वपूर्ण काम, टाढाको यात्रा नगर्दा नै राम्रो हुनेछ । अपरिचित व्यक्तिबाट आक्रमण हुने सम्भावना बलियो रहेको छ । यो हप्ता आर्थिक दृष्टिकोणले घाटामा परिनेछ । पारिवारिक झैं-झगडामा समेत फसिने हुँदा चनाखो रहनु राम्रो हुनेछ । यात्रा तथा नयाँ काममा लगानी बुधबारमात्र गरेमा शुभ हुने देखिएको छ ।

## दैनिक साहित

| | | | |
|---|---|---|---|
| आश्विन २,२०७१ | बिहीबार | - | मृत्युवाण परेकाले कुनैपनि दिशाको यात्रा नगर्नुहोला । |
| आश्विन ३,२०७१ | शुक्रबार | - | उत्तर दिशाको यात्रामात्र गर्नु शुभ रहेको छ । |
| आश्विन ४,२०७१ | शनिबार | - | उत्तर र पश्चिम दिशाको यात्रामात्र गर्नु शुभ रहेको छ । |
| आश्विन ५,२०७१ | आइतबार | - | उत्तर र पूर्व दिशाको यात्रामात्र गर्नु शुभ रहेको छ । |
| आश्विन ६,२०७१ | सोमबार | - | उत्तर दिशाको यात्रामात्र गर्नु शुभ रहेको छ । |
| आश्विन ७,२०७१ | मंगलबार | - | पूर्व दिशाको यात्रामात्र गर्नु शुभ रहेको छ । |
| आश्विन ८, २०७१ | बुधबार | - | पूर्व र दक्षिण दिशाको यात्रामात्र गर्नु शुभ रहेको छ । |

## दैनिक राहुकाल समय

| | | | |
|---|---|---|---|
| आश्विन | २, | २०७१ | बिहीबार दिनमा १:३० देखि ३ बजेसम्म राहुकाल रहनेछ । |
| आश्विन | ३, | २०७१ | शुक्रबार बिहान १०:३० देखि १२ बजेसम्म राहुकाल रहनेछ । |
| आश्विन | ४, | २०७१ | शनिबार बिहान ९ देखि १०:३० बजेसम्म राहुकाल रहनेछ । |
| आश्विन | ५, | २०७१ | आइतबार बेलुकी ४:३० देखि ६ बजेसम्म राहुकाल रहनेछ । |
| आश्विन | ६, | २०७१ | सोमबार बिहान ७:३० देखि ९ बजेसम्म राहुकाल रहनेछ । |
| आश्विन | ७, | २०७१ | मंगलबार दिनमा ३ देखि ४:३० बजेसम्म राहुकाल रहनेछ । |
| आश्विन | ८, | २०७१ | बुधबार दिनमा १२ देखि १:३० बजेसम्म राहुकाल रहनेछ । |

*(माथि तोकिएको समयमा गरिएको कुनैपनि कार्य सफल हुनेछैन ।)*

संस्थापक/प्रधान सम्पादक/प्रकाशक-ज्योतिष शिरोमणि अधिवक्ता डा.बलराम उपाध्याय रेग्मी, Mobile : ९८५६०२०९१४, 00977-9856030914, फोन/फ्याक्स नं.+977-61-540347
सहायक सम्पादक : ज्योतिषाचार्य सन्तोष रेग्मी शास्त्री, सम्वाददाता : ज्यो.सीता रेग्मी/ भारत उत्तर प्रदेश संवाददाता : प्रदीप रेग्मी शास्त्री/मधु रेग्मी शास्त्री, कानूनी सल्लाहकार-वरिष्ठ अधिवक्ता श्री प्रेमबहादुर खड्का/पूर्व अध्यक्ष नेपाल बार एशोसिएशन,काठमाडौं/आजीवन संरक्षक-ज्यो.प्रेमकुमारी गुरुङ, कम्प्युटर सेटिङ : ज्यो.आनन्द रेग्मी, कार्यालय : पो.ब.नं.२७,पोखरा-२,कास्की, नेपाल ।
E-mail: jbweekly2055@gmail.com, website: www.jbweekly.com, मुद्रण : छुनुमुनु अफसेट प्रेस, न्यूरोड, पोखरा, नेपाल, फोन : ०६१-५३४२९३, web hosting : pokharacity.com